नयाँ सन्दर्भ साप्ताहिक

Naya Sandarbha Weekly

वर्ष : २५ अंक : २२ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ पुष २६ *(January 10, 2021)* नेपाल सम्वत ११४१ मुल्य : रु.१०।-



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा


### करोडौंको एउटा योजना

# नाम परिवर्तन गर्दा निमार्ण कार्यमा अवरोध

– **सन्दर्भ समाचारदाता**

झापा । झापाको कमल गाउँपालिकामा निर्माण हुने भनिएको करोडौंको एउटा योजना एक दशकदेखि अलपत्र छ । प्रधानमन्त्री ओलीकैं प्रत्यक्ष हस्तक्षेपमा योजनाको नाम परिवर्तन भएपछि अन्तर्राष्ट्रिय सुविधासहित १२ हजार मान्छे अँट्न सक्ने प्रदेशस्तरको रंगशाला निर्माण अलपत्र परेको हो ।

रतुवामाई वृक्षारोपण आयोजनाको नाममा रहेको सो जग्गामा स्थनीय आदिवासी जनजातिले वर्षौंदेखि समाधीस्थलका रूपमा प्रयोग गर्दै आएका थिए । आदिवासी जनजातिको समाधिस्थल रहेको क्षेत्रलाई २०६७ मा आदिवासीको नाममा सुविधायुक्त रंगशालामा परिणत गर्ने सहमति भएको थियो । सशस्त्र प्रहरी बलको पाथिभरा गणका तत्कालीन एसपी गणेश ठाडा मगरको पहलमा सुन्दर खेलमैदानको निर्माण सुरु भएको थियो तर, ०७२ मा प्रधानमन्त्री केपि ओलीको प्रतक्ष पहलमा आदिवासी रंगशालाको नाम परिवर्तन गरेर मदन भण्डारी रंगशाला नामाकरण गर्दै सरकारले बजेट विनियोजन गरेपछि रंगशाला निर्माणको काम अलपत्र बनेको छ ।

सुरुवाती समयमा आदिवासी तथा जनजातिले पितापुर्खाको समाधिस्थल भएको भन्दै रंगशाला निर्माण गर्न दिएका थिएनन् । तर, आदिवासी जनजातिको चिहान उत्खनन गरेबापत रंगशालाको नाम नै आदिवासी रंगशाला बनाउने सहमति भएपछि मैदान सम्याइएको थियो । २४ बिघा



क्षेत्रफल रहेको यो ठाउँबाट आठ सयभन्दा बढी आदिवासी जनजातिको चिहान भत्काइएको थियो । अन्तर्राष्ट्रिय रंगशाला निर्माणका लागि आदिवासी रंगशाला तथा स्मृति प्रतिष्ठान पनि दर्ता भयो । रंगशाला निर्माणको काम थालनी गर्न तत्कालीन रक्षामन्त्री विद्यादेवी भण्डारीले ०६७ वैशाखमा आदिवासी रंगशालाकै नाममा रंगशालाको शिलान्यास गरेकी थिइन् । त्यो समयमा आदिवासी रंगशाला निर्माणका लागि सरकारले जनताको चाहनाअनुसार बजेट छुट्याउने भन्दै आश्वस्त बनाएकी थिइन् । ०७२ सम्म पटक-पटक आदिवासी रंगशालाकै नाममा बजेट विनियोजन पनि भयो । त्यस बखत मैदान सम्याउने, घेराबार गर्ने र प्याराफिट निर्माणको धालनी भएको थियो । यद्यपि प्याराफिट निर्माणको काम पूरा हुन सकेन ।

सरकारले आदिवासी रंगशालाका नाममा करिब तीन करोड बजेट विनियोजन गरिसकेको छ । आदिवासी रंगशालाका नाममा आर्थिक वर्ष २०६७।०६८ मा एक करोड, २०७०।०७१ मा डेढ करोड र २०७१।०७२ मा ३५ लाख बजेट विनियोजन भएको थियो । तर, आर्थिक वर्ष ०७२।०७३ को बजेट भाषणमा तत्कालीन सरकारले आदिवासी रंगशालाको नाम परिवर्तन गरेर मदन भण्डारी रंगशालाको नाममा ४० लाख बजेट विनियोजन गरेसँगै विवाद उत्पन्न भयो । त्यसयता वर्षैपिच्छे मदन भण्डारी रंगशालाका नाममा बजेट विनियोजन भए पनि काम हुन सकेको छैन । मदन भण्डारी रंगशालाका नाममा आर्थिक वर्ष ०७३।०७४ मा एक करोड र आर्थिक वर्ष ०७५।०७६ मा दुई करोड बजेट विनियोजन भएको थियो । यस्तै, आर्थिक वर्ष ०७६।०७७ र चालू आर्थिक वर्षमा दश लाख बजेट विनियोजन भएको छ ।

पहिचान र चिहानमाथि राजनीति गर्न खोजिएको भन्दै आदिवासी तथा जनजातिहरूले काम गर्न अवरोध गरेका छन् । दुई वर्षअघि त्यहाँ काम गर्न इँटा झारिएको थियो । तर, स्थानीयको अवरोधका कारण काम हुन सकेको छैन । मदन भण्डारी रंगशाला नाम परिवर्तनपछि पटकपटक निर्माणका लागि बजेट विनियोजन भयो । काम गर्नका लागि पटक-पटक ठेक्का पनि लाग्यो । तर, स्थानीयको अवरोधका कारण काम हुन सकेन ।

प्रधानमन्त्रीकै कारण रंगाशाला निर्माणमा अवरोध भएको आदिवासी जनजातिको आरोप छ । 'केपी ओलीकै जिद्दीले मदन भण्डारी रंगशाला बनाइएको हो । यहाँ तत्कालीन एमाले होइन, केपी ओलीको बदनियत छ । केपी ओलीकै कारण निर्माण अलपत्र भएको छ,' आदिवासी रंगशाला तथा स्मृति प्रतिष्ठानका पूर्वसदस्य कमन देवान भन्छन्, 'आदिवासीले पुर्खाको समाधि त्याग गरेका छन् । चिहान भत्काएर हाड फालिएको छ । यहाँ कसैले बदनियत राख्छ भने वारपारको लडाइँ हुन्छ ।' आदिवासी जनजातिसँग भएको सहमतिबाट राज्य पछि हट्न नमिल्ने उनी बताउँछन् । 'राज्यले एकपटक आदिवासीको नाममा रंगशाला बनाउने भनेर सहमति गरिसकेको छ,' उनले भने, 'आदिवासी जनजातिसँग गरेको सहमतिबाट राज्यपछि हट्न मिल्दैन ।'

# मर्यादा वीपरित गतिविधि गरेकालाई कारवाही



– **सन्दर्भ समाचारदाता**

भद्रपुर । अन्यायमा परेका व्यक्तिलाई न्याय दिलाउने जिम्मेवारी लिने वकिल नै अपराधको बाटो लाग्न थालेको उजुरी परेपछि झापा वार एसोसिएसनले एक जना अधिवक्ताको सदस्यता खारेज गरेको छ ।

वकालत पेशाको गरिमामा आँच पुर्याउने गतिविधि गरेको ठहर सहित झापा वारले डिकबहादुर बुढाथोकीको सदस्यता खारेज हुने गरी कारवाही गरेको हो ।

नेपाल प्रहरीका पूर्व सई समेत रहेका बुढाथोकीले मुद्धा लडिरहेका सेवाग्राहीसंग अधिक रकम असुलेको, न्यायको खोजीमा आउने महिलाहरूसित यौन शोषण प्रयास गरेको, न्याय सम्पादनमा बिचौलियाको भूमिका खेल्ने भन्दै घुस रकम असुल्ने गरेको लगायत उजुरी परेपछि छानविन गरेर झापा वारले दोषी पाइएपछि सदस्यता खारेज गरेको हो ।

नेपाल प्रहरीको जागिर छोडेपछि बुढाथोकीले वकालतको नामा प्रहरी प्रशासनमा समेत प्रभाव छोड्दै रकम कमाउने गरेको उनकै सहकर्मीहरूको भनाइ छ । पीडितका अनुसार डिर्भोसका लागि अदालत आउने महिलाहरूबाट १५ लाखसम्म रकम असुल्ने गरेको, अधिकार र सम्पत्तिमा पहुँच बढाइदिने भन्दै यौन सम्पर्कका लागि पटक पटक प्रयास गरेका बुढाथोकी बिरूद्ध केही पीडित महिलाहरूले उजुरी गरेपछि छानविन गरी झापा वारेले कारवाही गरेर सदस्यता खारेज गरेको छ भने कानुन व्यवसायी परिषद काठमाण्डौमा अधिवक्ता पदको लाइसेन्स खारेजीका लागि सिफारिस समेत गरेको जनाइएको छ ।


**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।


# भक्का दिवस मनाउने विषयमा विवाद

– **सन्दर्भ समाचरादाता**

झापा । झापाका राजवंशी समुदायमा अहिले भक्का दिवस मनाउने विषयमा विवाद भएको छ । कोचिला गाभुर फ्रन्ट संस्थाले विगत तीन वर्षदेखि पुष २९ गतेलाई राष्ट्रिय भक्का दिवस भनेर मनाउँदै आएको छ । विभिन्न जातीय संस्थाहरुले आफूखुशी फरकफरक मितिमा भक्का दिवस नै भनेर मनाउने भएपछि राजवंशी जातिभित्र विवाद भएको हो ।

तर, राजवंशी समाज विकास समिति भद्रपुर नगर समितिले कोचिला गाभुर फ्रन्टले तोकेको मितिलाई नमान्ने भन्दै पुष २५ गते भक्का दिवस मनाउने निर्णय गरेपछि मितिलाई लिएर विवाद भएको हो । त्यसलाई लिएर अहिले सामाजिक संजालमा दुवै पक्षको दोहोरी चलिरहेको छ भने सर्वसाधारण अन्योलमा परेका छन् ।

भक्का, तराइ क्षेत्रका आदिबासी, बिषेसगरी राजवंशी समुदायको मौलिक परिकार हो । जाडाको याम शुरुहुनासाथ गल्ली गल्ली चोक



चोकमा बिहान सबेरै भक्का बनाएर बेच्ने चलन छ । चामलको पिठोबाट पानीको तातो भापले बनिने यो परिकार विहानको नास्ताको रुपमा जो कोहीले खुवै मनपराएर खाने चलन छ ।

गैरसरकारी संस्थाको रुपमा रहेको कोचिला गाभुर फ्रन्टले २०७४ सालमा साधारणसभामार्फत पुष २९ लाई राष्ट्रिय भक्का दिवस मनाउने निर्णय गरेको थियो । आफ्नो संगठनले साधारणसभामार्फत पुष २९ लाई भक्का दिवस मनाउने निर्णय गरेको कोचिला गाभुर फ्रन्टका अध्यक्ष अभय राजवंशीले बताए । राजवंशी समाज विकास समिति भद्रपुरले पुष २९ मा भक्का दिवसको आधिकारिकताको बारेमा प्रश्न उठाइरहँदा उनले आधिकारिकताका बारेमा कुरा उठाउन जरुरी नभएको बताउँदै, यस वर्ष पनि पुष २९ गते बिर्तामोडमा भक्का दिवस मनाउन लागेको जानकारी दिए ।

यता राजवंशी समाज विकास समिति भद्रपुरले पुष २५ मा भक्का महोत्सव नै गर्न लागेको जनाएको छ । आफूहरुले पुष २५ लाई प्रस्तावित भक्का दिवसको रुपमा मानेर महोत्सव गर्न लागेको भद्रपुर नगर समिति अध्यक्ष हंशधर राजवंशीले बताए । भद्रपुर ४ का वडाध्यक्षसमेत रहेका हंशधरले जातीय संस्था राजवंशी समाज विकास समितिबाट अनुमोदन नभएको अबस्थामा पुष २९ लाई नै राष्ट्रिय भक्का दिवस मान्न जरुरी नभएको भन्दै पुष २५ लाई अनुमोदन गराउनेगरी केन्द्रीय समितिमा प्रस्ताव पेश गर्न लागेको बताए । राजवंशी समाज विकास समितिका केन्द्रीय अध्यक्ष भीमराज राजवंशीले पुष २९ र पुष २५ गते दुवै मितिलाई आफूहरुको समितिले अनुमोदन नगरेको बताए ।



साभार–बाह्रखरी


**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**रोश्नी ज्वेलर्स**
भद्रपुर–१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
सम्पर्क : ९८६३६१४२७०





**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर–१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता

श्री ......................................................................................................, ठेगाना ..........................................



# कोरोना महामारीभन्दा ठूलो नेकपा विवाद

काठमाडौं। 'मिलूदा छाला उक्किनेगरी चाट्ने, फुटेपछि दुइतिर धार भएको तरबारले झैं काट्ने' कम्युनिष्ट चरीत्र यतिबेला छरपस्ट भएको छ। सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी आजभोलि समाचारको शीर्षस्थानमा छ। ठूलो जनमत पाएर सरकार चलाईरहेको यो पार्टीका शीर्ष नेताहरुको घोषित-अघोषित सत्तासाझेदारीको अदृश्य सहमति पालना नभएको भनी सुरु भएको विवाद अन्ततः फुटमा परिणत भएको छ।

तत्कालिन माओवादी केन्द्र र तत्कालिन नेकपा एमाले मिलेर बनेको नेकपाको शीर्ष स्थानमा दुइजना अध्यक्ष रहने भनिएपछि नै एकताको भविष्यप्रति आशंका गरिएको थियो। एमालेका केपी शर्मा ओली र माओवादीका पुष्पकमल दाहाल 'प्रचण्ड' दुइवटा समानान्तर कुर्सीमा बसेर बैठकको अध्यक्षता गर्दै आएका थिए। उनीहरु एउटै जहाजका दुइ पाईलट भनिन्थे। 'पुल काटेर आएको' भन्दै प्रचण्ड त 'अब फर्किने बाटो बाँकी नरहेको' बताउँथे। प्रचण्डले नयाँदिल्ली दौडाहामा प्रधानमन्त्री ओलीसँग सरकारको नेतृत्वमा आलोपालो गर्ने सहमति भएको भनेर गोपनियता चुहाएपछि ओली उनीसँग हच्किएका थिए। त्यसपछि सुरु भएको खटपटी लामो समय देशलाई बन्धकमा पारेर फुटमा परिणत हुनपुगेको छ। कोरोना महामारीभन्दा ठूलो महत्व पाएको नेकपा विवादले देशको कति समय वर्वाद गर्‍यो भन्ने कुराको लेखाजोखा हुन बाँकी नै छ।

नेकपाको सत्ता किचलोले केवल उ मात्र फुटेन जननिर्वाचित प्रतिनिधिसभालाई नै बन्धक झैं बनायो। प्रधानमन्त्री ओलीले कसैलाई दिनैपर्ने जानकारी पनि नदिकन प्रतिनिधसभाको चलिरहेको अधिवेशन अन्त्य गराएका थिए। उनको लामो तयारी रहेछ, अहिले त बिघठन नै गराएका छन्। राष्ट्रपति विद्यादेबी भण्डारीले ओलीका सबै राजनीतिकररणनीतिक कदमहरुलाई सहजता प्रदान गरेपछि राष्ट्रिय राजनीतिमा संकट उत्पन्न भएको छ। बिघठनको मुद्दा सर्बोच्च अदालतको संवैधानिक इजलाशमा बिचाराधीन छ। अदालत नै अवरुध्द भएको राजनीतिको निकास दिने एकमात्र संस्था बाँकी छ।

यता आएर ओली र उनका विपक्षी कमरेडहरु एकआपसमा हिलो छ्यापाछ्याप गरिरहेका छन्। प्रचण्ड दुइजना पूर्व एमाले नेता तथा पूर्व प्रधानमन्त्रीहरु झलनाथ खनाल र माधवकुमार नेपाललाई पछि लगाएर सडक तताउने प्रयाशमा छन् भने, ओली सरकारको नेतृत्वमा बसेको फाईदा भरपूर उठाईरहेका छन्। साथै दुबै पक्ष निम्नकोटीको लान्छना लाउन पनि पछि परेका छैनन्।

प्रचण्डको जुलुशबाट राष्ट्रपति विरुध्द अपमानजनक आरोप र निन्दा भैरहेको छ भने विभिन्न विशेषण लाएर प्रधानमन्त्रीलाई समेत ताछ्ने काम उनका नेताहरुले गरिरहेका देखिन्छ। प्रचण्डका दाहिने हात मानिने जनार्दन शर्माले मोरङमा पुगेर ओलीलाई सर्पको उपमा दिएर आलोचना गरेका छन्। शर्माले भनेका छन्- 'पार्टीभित्र गोमन सर्प बनेर हुर्किएका ओलीले कम्युनिष्टलाई नै डसे।'

कुनैबेला ओलीले पनि माओवादीको चर्को निन्दा गर्दा सर्पकै उपमा दिएका थिए। उनले माओवादीलाई हरियो घाँसमा लुकेको हरेउ सर्प भनेका थिए। अहिले फुटेको पार्टीलाई निर्वाचन आयोगमा वैधानिकता दावी गर्ने होड चलिरहँदा ओलीले आफू नै असली अध्यक्ष भएको दावी गरेका छन्। उनले सप्तरीको बरमझियाका चर्चित पेडा पसलको उदाहरण पेश गर्दै आफू नै 'असली बूढो' भएको बताएका छन्। हुन त अनुचरहरुले ओलीलाई 'बा' भनेर स्वस्ति प्रशस्ति गरिसकेकै छन्।

त्यसो त नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाललाई उतिबेलै 'गद्दार' भनेर चर्को निन्दा गरेको इतिहास छ। लामो समयपछि उनै पुष्पलाल उनीमाथि कटु वचन प्रहार गर्ने उत्तराधिकारीका पूज्य नेता बने र कैयौं ठाउँमा शालीक पनि बनिसकेका छन्। बामदेब गौतमले एमाले फुटाएर निस्केपछि दुइ गुटमा विभाजित नेताहरुले एकअर्कामाथि बर्षाएको निम्नकोटीको आक्षेप र टिप्पणी समकालिन पुस्ताले बिर्सिहालेको छैन। कम्युनिस्ट पार्टीमा मिलूदा चाट्ने र फुटेपछि काट्ने प्रवृत्तिले संस्कार कै रुप लिएको पछिल्लो घटनाले पनि पुष्टि गरिरहेको छ।

अरु पार्टी पनि नफुटेका होइनन्। नेपाली कांग्रेस पनि फुट्यो। पूर्व पञ्चहरुको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी कैयौं पटक फुट्दै जुट्दै गरिरहेको छ। मधेशवादी दलहरुको पनि यस्तै छ इतिहास। तर यी दलहरुका नेताले राजनीतिक आरोप प्रत्यारोप गरे पनि व्यक्तिगत तहमै उत्रिएर नेताहरुमाथि निम्नकोटीको निन्दा र लान्छना गरेको पाईंदैन। प्रतिनिधिसभा बिघठनको मुद्दा अदालतको बिचाराधीन छ। यो पुनस्थापना हुन्छ या सदर भएर निर्वाचनतिर बढ्नुपर्ने हुन्छ। यसको छिनोफानो फैसला आएपछि मात्र टुंगो लाग्ने छ। दुबै अवस्थामा के फुटेको नेकपा राजनीतिमा पहिलो नम्बरमा रहीरहला त ? यसमा शंका छ। किनभने विभाजित नेकपा भन्दा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस ठूलो दलको हैसियतमा उभिने निश्चित छ। यसमा मधेशवादी दलहरु कांग्रेससँग उभिने सम्भावना देखिन्छ। प्रतिनिधिसभामा एक नम्बर हैसियत गुमाएको नेकपा के फेरि मिल्न सक्ला ? नेकपाका शीर्ष तहकै नेताका अभिव्यक्ति र निम्नकोटीको आरोपप्रत्यारोप हेर्दा मिल्ने सम्भावना कमजोर देखिन्छ। राजनीतिमा स्थायी शत्रु र स्थायी मित्र हुँदैन भनिन्छ। सबै कुरा सम्भव हुने राजनीतिमा यी दुइ समूह मिले नै भने पनि आजका मतदाताले के उनीहरुलाई पुरानै हैसियतमा पुर्‍याईदेलान् त ? यो पनि आजको जलूदोबलूदो प्रश्न हो।

–सरल टिप्पणी


मिस अर्थ २०२० : सुप्रिया श्रेष्ठ

# ई–पासपोर्टमा इलाम चिया बगानको तस्वीर

काठमाण्डौं। सरकारले विद्युतीय राहदानी (ईपासपोर्ट)मा के केको राख्ने भनेर टुंगो लगाएको छ। जसमा इलामको सुन्दर चियाबारी पनि समावेश छ। विभिन्न पृष्ठका लागि ३५वटा तस्वीर टुंगो लगाइएको छ भने अन्य ५ वटा तस्वीरहरुलाई बैकल्पिक रुपमा प्रयोग गर्न सकिने गरी सरकारले स्वीकृत गरेको छ।

सरकारले विद्युतीय राहदानी ई-पासपोर्ट छपाइको जिम्मेवारी फ्रान्सको आईडीईएमआईए आइडिन्टीटी एन्ड सेक्युरिटीलाई दिइसकेको छ। आईडीईएमआईएले करिब २ अर्ब ४८ करोड रुपैयाँ (२ करोड ११ लाख अमेरिकी डलर) मा ई(पासपोर्टको छपाईको ठेक्का पाएको छ।

मन्त्रिपरिषद बैठकको निर्णयपछि ईपासपोर्टमा रहने तस्वीरहरुको टुंगो लगाएपछि अब सरकारले तोकिएका सम्पदा, संस्कृति, जीवनयापन, वन्यजन्तु र ठाउँहरुको फोटो संकलन गरेर छपाइको प्रक्रिया अघि बढाउन बाटो खुलेको छ। मन्त्रिपरिषद बैठकले गरेको निर्णयअनुसार ईपासपोर्टको पहिलो र अन्तिम कभरका भित्री पृष्ठमा डाँफे र नेपालको राष्ट्रिय झण्डा रहनेछन्।

पहिलो पृष्ठमा सगमाथा रहनेछ। दोस्रो पेजमा पोलिकार्बोनेट डाटा पेज हुनेछ। तेस्रोमा लुम्बिनी, चौथो र पाँचौंमा राष्ट्रपति भवन, छैठौं र सातौंमा एक सिंगे गैंडा, आठौं र नवौंमा चाँगुनारायण मन्दिर, दशौं र एघारौंमा इलामको चिया बगान र बाहौं र तेह्रौंमा लालीगुँरासको तस्वीर रहनेछ। चौधौं र पन्ध्रौंमा पशुपतिनाथ मन्दिर, सोह्रौं र सत्रौंमा मिथिला आर्ट, अठारौं र उन्नाइसौंमा धान रोपाइँका तस्वीर रहनेछन्।

२० र २१औंमा कुमारी, २२ र २३औंमा माथिल्लो मुस्ताङ, २४ र २५औंमा बाघ, २६ र २७औंमा जुम्लाको सिंजा उपत्यका, २८ र २९औंमा देशय् मरू झ्या, ३० र ३१औंमा जानकी मन्दिर, ३२ र ३३औंमा करुवा, ३४ र ३५ औंमा हात्ती, ३६ र ३७औंमा रानीपोखरी र ३८ र ३९औंमा हनुमानढोका दरबारका फोटो रहरने छन्। ४० र ४१ औं पृष्ठमा धरहरा, ४२ र ४३औंमा भुर्तिका देवल,४४ र ४५औंमा पाटन दरबार क्षेत्र, ४६ र ४७औंमा पुतली, ४८ र ४९ औंमा बौद्धनाथ, ५० र ५१ औंमा भक्तपुर दरबार क्षेत्र, ५२ र ५३ औंमा महाकाली पुल, ५४ र ५५औंमा कृष्णसार, ५६ र ५७ मा ट्रकिङ (सगरमाथाको लुबुचे जाने क्षेत्र), ५८ र ५९औंमा रानीमहल, ६० र ६१ औंमा रारा ताल, ६२ र ६३औंमा माथिल्लो तामाकोसी र ६४ औंमा सिंहदरबारको तस्वीर रहनेछ।

तिलिचो ताल, सेफोक्सुन्डो ताल, खप्तड पाटन क्षेत्र, माच्छापुच्छ्रेको छायासहितको फेवा ताल र माथिल्लो तामाकोसी प्रसारणलाइनलाई वैकल्पिक तस्वीरका रुपमा रोजिएको छ अहिले नेपालले मेसिन रिडेबल पासपोर्ट प्रयोग गरिरहेको छ। अब अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ)को मापदण्ड अनुसार नेपालले पनि विद्युतीय राहदानी प्रयोग गर्न लागेको हो। यो पासपोर्टमा विद्युतीय चिप जोडिएको हुन्छ, जसमा सम्पूर्ण व्यक्तिगत विवरण राखिएको हुन्छ। जसलाई मेसिनले सहजै रिड गर्नसक्नेछ। यो कम्प्युटर प्रणालीमा आधारित हुनेछ।








विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६

अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकवरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलव्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, साखेजुङ-४, इलाम

विविध जातका फूलका विरुवा तथा विउविजनका लागि हामीलाई सम्झनुहोस्।
न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा

निर्माण जगतमा मजबुद नाम मनषा सिमेन्ट



निर्माण जगतमा
एक मजबुद शक्ति
ने.गु.नं. ३८५
GC
ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY

नेपाल स्वर्णकला भवन
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
म्यानेजिङ डाइरेक्टर सुभाषरत्न शाक्य
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ।
बिहीबार पसल बन्द रहने छ।

ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा ❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०


नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु अफसेट प्रिन्टीङ् प्रेस, बुद्धशान्ति

# सम्पादकीय

## दुईतिहाइ जनमत यस्तै कुकर्मका लागि हो ?

आम निर्वाचनका बेला एकाएक दुई विपरित ध्रुवमा उभिएका कम्युनिस्ट घटक एउटै चुनावी छातामा ओतिएपछि अस्थीर राजनीतिबाट वाक्क भएका नेपालीले स्थीर राजनीतिक व्यवस्थाका लागि कम्युनिस्टलाई अकल्पनीय प्रत्यक्ष मतदान गरे । निर्वाचनको परिणामपछि हौसिएका एमाले र माओवादी नेकपा गठन गरी पचास वर्ष सत्तारोहणको सपना बाँढ्न पनि थाले । संविधानको किटानीका कारण दुई वर्ष कम्युनिस्ट घटक भित्र सत्ता र शक्ति संघर्ष सतहमा दखिएन किन भने प्रधानमन्त्री पद फेरबदल गर्न पाइने व्यवस्था थिएन । यस बीचमा पूर्व एमाले र माओवादी छुट्र्याउने विभेदका रङ पार्टी समायोजनका नाममा होस् या सरकार चलाउने मन्त्रीका अधिकार वितरणमा होस् देखिन भने थालेकै हुन् । विस्तारै चेपुवामा परेका प्रचण्ड–माधव र झलनाथ समूह प्रधानमन्त्री केपी ओली प्रवृत्ति बिरूद्ध गोलाकार हुनथाले । नौ महिने अभियानपछि ओली पथ रोक्न प्रचण्ड–माधव र झलनाथ समूहले पार्टी विभाजनका लागि राजमार्ग खन्न थालेपछि उन्मत्त ओलीले जनमतको भारी राष्ट्रपति कार्यालयमा बुझाउन सफल भए । ओलीको एक मात्र अहम पाँच वर्षका लागि जनताले मलाई मात्र राज्य चलाउन दिएका हुन्, यस अवसरलाई नेकपा भित्र कसैले प्रयोग गर्न पाउँदैन भन्ने नै हो ।

शक्ति केन्द्रीकरण गर्नु र नेतृत्वले प्राधिकार खोज्नु अधिनायकवादी शासन चरित्रमा हुन्छ । युद्धका बेला प्राधिकार नेतृत्व आवश्यक भए पनि सामान्य अवस्थामा स्वीकार्य हुँदैन । त्यो मनोभावले समर्थक वा कार्यकर्ताको दिमागमा त हस्तक्षेप गर्ला तर सर्वमान्य हुन भने सक्दैन् । एकाएक संसद विघटन गरेका प्रधानमन्त्री केपी ओलीलाई चुनावमा के भनेर जाने भन्ने मुख्य समस्या छ । उनलाई तीनवर्षमा के, कसले, कुन, कुन काम गर्न दिएन ? तर्कमा कुतर्क त हुन सक्लान् तर बाधा/अड्चन कहाँ, कसले खडा गरे भन्ने पत्यारिँदो जवाफ भने छैन । नेपाली जनताले व्यक्तिगत झगडाका लागि जनमत दिएका थिएनन् । ओली सवै शक्ति आफैँमा राख्न चाहने, प्रचण्ड–माधव भाग खोज्ने गोल चक्करमा लागिरहे । जसको परिणाम नेकपाको दुई समूह जनताका माझमा मुख देखाउन लायक रहेन । यी समूहले संसदलाई व्यक्तिगत टकरावको थलो बनाउन सफल भए पनि नेपालीका लागि यस कार्य अक्षम्य अपराध सावित भएको छ ।

दुईतिहाइ मत पाएर बनेको सरकारका प्रमुख जब आफ्नो प्रतिष्ठा नै गुम्ने हिसाबले झगडा र विवादमा लाग्छन्, त्यो अवस्थालाई राम्रो भन्न सकिँदैन । सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनको छिनोफानो गर्न सकेन भने देशको राजनीतिक अवस्था अत्यन्त खराब हुनेछ । सरकारका काम मन नपरे अविश्वासको प्रस्ताव ल्याएर हटाउन सकिन्छ। त्यसका लागि प्रतिनिधिसभा विघटन गर्नुपर्दैन। सम्भवतः राष्ट्रपति भण्डारी र प्रधानमन्त्री ओली दुवैलाई यस कुराको ज्ञान थिएन । त्यसैले प्रधानमन्त्रीले ख्यालख्यालमा गरेको विघटनको सिफारिस राष्ट्रपतिले ख्यालख्यालमै स्वीकृत गरिन् । प्रतिनिधिसभाको विघटनसँगै ओली र उनका मन्त्रीहरू स्वतः साधारण नागरिकमा परिवर्तित भएका छन् । तैपनि, उनीहरूले सरकारको गद्दी छाडेका छैनन् । प्रतिनिधिसभा विघटनको खास कारण थियो : सरकार चलाउने नेकपाभित्रको कचिंगल र विग्रह । यो विग्रहले पूरै देशलाई प्रभावित गर्नुपर्ने थिएन । विधि र पद्धति जानेर शासकीय जिम्मेवारी लिने प्रवृत्ति रहेको भए आजको यस खालको परिस्थिति आइ लाग्ने थिएन होला । झुटा आश्वासन र अपरिपक्क एकताले नेपाली जनतामाथि नेकपा नामक भ्रमको दुष्प्रभाव परेको हो । आज नेपालीमा चेतना त आयो होला तर देश र लोकतन्त्रले हारेको अवस्था छ । हिजो काँग्रेसले प्रजातन्त्र र देशलाई हराउँदा दशकौं नेपालीले दुःख खप्नु पर्‍यो । अहिले कम्युनिस्ट त्यही खेल खेल्ने प्रयासमा छन् जहाँ सिद्धान्त वा नीतिमा कुनै चासो छैन । मात्र कुर्सीमा हानाथाप छ । के दुईतिहाइ मत यस्तै कुकर्मका लागि थियो त ?

## जिल्लाको संरचनालाई यथावत राखी हिजोको पाँच क्षेत्रलाई

# सात प्रदेश बनाएर सङ्घीय संरचना अगाडि बढ्दैन : प्रा. कृष्ण हाछेथु



–**लोकेन्द्र भट्ट**

सङ्घीयताका सम्बन्धमा गहिरो अध्येता एवं यस विषयका जानकार प्रा। कृष्ण हाछेथुसँग लोकेन्द्र भट्टले गरेको कुराकानीको सम्पादित अंश

तपाईंको बुझाइमा सङ्घीयता भनेको के हो ?यसका आधारभूत तत्त्वह के के हुन् ?

–सङ्घीयतालाई एकात्मक शासन व्यवस्थासँग तुलना गरेर हेर्नुपर्छ । यसलाई छुट्याउने ४ वटा आधार छन् । एकात्मक व्यवस्थामा एउटै मात्र सरकार हुन्छ, सङ्घात्मक व्यवस्थामा दुई वा दुईभन्दा बढी सरकार हुन्छन् । एकात्मक व्यवस्थामा सिङ्गो राष्ट्रको एउटा मात्र राजनीतिक भूगोल हुन्छ । सङ्घात्मक व्यवस्थामा राष्ट्रिय र प्रादेशिक गरी दुईवटा राजनीतिक-प्रशासनिक भूगोल हुन्छ । एकात्मक व्यवस्था धेरै प्रगतिशील हुँदा विकेन्द्रीकृतसम्म हुन सक्छ । सङ्घात्मक व्यवस्था भनेको विकेन्द्रीकृत होइन, त्यो राज्यसत्ताको विभाजन हो । एकात्मक व्यवस्थामा केन्द्रीय सरकारले कुनै पनि विषयमा सजिलैसित संविधान संशोधन गर्न सक्छ । तर सङ्घात्मक व्यवस्थामा केन्द्र आफैँले मात्रै होइन, कतिपय महत्त्वपूर्ण विषयमा केन्द्र र प्रदेश दुवैको सहमतिमा मात्र संविधान संशोधन हुन्छ । यी चारवटा कुराले सङ्घीय व्यवस्था एकात्मक व्यवस्थाभन्दा भिन्न छ ।

नेपालमा हामीले अहिले भोगिरहेको सङ्घीयता कस्तो सङ्घीयता हो?यसले सङ्घीयताको त्यो मूल मर्म र तत्त्वहरूलाई आत्मसात गरेको छ कि छैन ?

–हाम्रो यो संविधानले दिएको सात प्रदेशको सङ्घीय संरचना रूपमा सङ्घीय हो तर सारमा एकात्मकता हो । मेरो पहिलो तर्क नै सात प्रदेशको सङ्घीय संरचनाको जग नै एकात्मक व्यवस्थाको पाँच विकास क्षेत्रबाट भएको हो । उदाहरणका लागि, पूर्वाञ्चलामा रहेका १६ जिल्लामध्ये सिराहा र सप्तरी जिल्लालाई बाहेक गरेर प्रदेश नम्बर १ बनाइयो । प्रदेश २ हिजोको मध्यमाञ्चल विकास क्षेत्रको ६ वटा तराईका जिल्ला र पूर्वाञ्चल विकास क्षेत्रको २ तराई जिल्ला जोडेर आठवटा जिल्लाबाट बनाइयो । यसरी हिजोको पाँच विकास क्षेत्रकै विभाजनलाई सामान्य हेरफेर गरी सातवटा प्रदेश बनाइयो ।

नेपाली राज्यको पुनर्संरचनाको औचित्य र आवश्यकता के हो भन्दा विकास क्षेत्रको संरचना र जिल्लाको संरचनाले नेपालको समाजिक विविधतालाई सम्बोधन गर्न सकिएन । तसर्थ राज्यको पुनर्संचना आवश्यक छ भनियो । तर अन्त्यमा तिनै पाँच विकास क्षेत्रलाई सामान्य परिमार्जन गरेर सात प्रदेश बनाइयो । दोस्रो, जिल्लाको पहिचान नै प्रदेश निर्माणको आधार बन्यो । यद्यपि बहसको क्रममा 'सर्वसम्मतबाट पहिचानलाई प्राथमिक आधार मानेर प्रदेश रचना गरिने छ' भनियो । 'जातिरसमुदाय, भाषा, संस्कृति, भौगोलिक अविच्छिन्नता र ऐतिहासिक निरन्तता' भनेर पहिचानलाई परिभाषित पनि गरियो । तर संविधानको भाषामा चाहिँ अनुसूची चारमा उल्लेखित जिल्लाहरूबाट बनेको प्रदेश भनियो । यसर्थ सङ्घीयता भनिए पनि सारभूत रूपमा हिजोकै एकात्मकतालाई नै निरन्तता दियो ।

अनुसूचीमा लेखिएका अधिकारको कुरा गर्ने हो भने प्रदेशको अधिकार भनेर २१ वटा लेखेको छ । तर वास्तवमै त्यो एकल अधिकारक्षेत्र हो त ? केन्द्रको क्षेत्राधिकार, केन्द्र र प्रदेशको साझा अधिकार, प्रदेशको क्षेत्राधिकार, केन्द्र प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीबाट हेर्दा यो संविधानले नै एक प्रकारले एकात्मकतामुखी बनाइएको देखिन्छ । देखाउँदा २१ वटा भनिएको छ तर अरूको क्षेत्राधिकारसँग नखप्टिएका झिना मसिना ९ वटा मात्र प्रदेशको अधिकारक्षेत्रभित्र रहेछन् । त्यसमा प्रदेशको तथ्याङ्क, अन्तरप्रदेश व्यापार, लोकमार्ग, अनुसन्धान ब्युरो, सरकारी कार्यालयको भौतिक व्यवस्थापन, लोकसेवा आयोग र गुठी व्यवस्थापन मात्र छ । २१ वटा अधिकार क्षेत्रमध्ये यी ९ वटाबाहेक अरू महत्त्वपूर्ण कुरा जति सबै केन्द्रको क्षेत्राधिकारभित्र छन्, कि त केन्द्र र प्रदेशको साझा अधिकारमा छन्, स्थानीय अधिकारको क्षेत्रमा छन् कि केन्द्र, प्रदेश र स्थानीय साझा अधिकारमा छ ।

केन्द्र र प्रदेशको साझा सूची २५ छ । केन्द्र, प्रदेश र स्थानीयको साझा सूची १५ छ । केन्द्रको अधिकार सूची आफैँ ३५ छ । कूल ७५ वटा विषयमा केन्द्रको हात माथि छ । साझा अधिकार क्षेत्रभित्रको विषयवस्तुमा माथिल्लो तहको सरकारले बनाएको नियम, कानुन र नीति तल्लो तहकोसँग बाझियो भने तलको स्वतः खारेज हुन्छ । कुनै विषयमा केन्द्र र प्रदेशले बनाएका नियम बाझियो भने प्रदेशको खारेज हुने, केन्द्रको लागू हुने भनिएको छ । यसबाट जति साझा सूची लम्बियो, त्यति केन्द्रको शक्ति बढी हुने भयो । क्षेत्राधिकारको यो विभाजनले हाम्रो सङ्घीय संरचनालाई रूपमा सङ्घात्मकता सारमा एकतात्मक नै रहेको चित्रित गर्छ ।

हाम्रोमा सङ्घीयताको प्रयोग किन एकतात्मक जस्तो भयो त ?

अहिलेको हाम्रो राजनीतिक शक्ति सन्तुलन ठ्याक्कै भारतको १९४७ देखि १९६७ सम्मको जस्तो छ । केन्द्रमा, सात प्रदेशमध्ये ६ प्रदेशमा र ७५३ वटा स्थानीय सरकारमध्ये ५३ प्रतिशत स्थानीय तहमा नेकपाको सरकार छ । केन्द्र, प्रदेश र स्थानीय तहमा एउटै पार्टीको सरकार हुँदाको अवस्थालाई केसी होयरले अर्धसङ्घीयता भने, भारतको सन्दर्भमा । भारतमा १९४७ -१९६७ मा केन्द्र र अधिकांश प्रदेशमा पनि भारतीय राष्ट्रिय काँग्रेसको सरकार थियो । सङ्घीयताको सफल कार्यान्वयन र प्रयोगका लागि शक्ति छरिनुपर्छ अर्थात् पावर पोलरिफिकेसन हुनुपर्छ । यहाँ त शक्ति केन्द्रीकृत भयो ।

यस अतिरिक्त अहिलेको सत्तासीन दल नेकपा जनवादी केन्द्रीयतामा चल्ने पार्टी भयो । जनवादी केन्द्रीयताले व्यक्ति सङ्गठनको मातहतमा, तल्लो सङ्गठन माथिल्लो सङ्गठनको मातहतमा भन्छ । जनवादी केन्द्रीयतामा पावर माथि कन्सन्ट्रेसन हुँदा प्रदेश बुख्याँचा जस्तो भयो । त्यसमाथि पनि नेपाल कम्युनिस्ट पार्टी सामूहिक नेतृत्वमा चलेको भनिए पनि व्यक्तित्व केन्द्रित दल हो । पार्टी केपी ओली प्रचण्ड र माधव नेपालले नेतृत्व गरेको त्रिकोणात्मक गुटबन्दीमा घुमेको छ । हालसालै नेकपाभित्र कर्णाली प्रदेशमा समस्या देखिनुको जड पनि केन्द्र नै हो । त्यहाँ प्रदेशको स्वायत्तता नै रहेन । त्यहाँको मन्त्रीमण्डल रहने वा विघटन हुने कुरा पनि केन्द्रको निर्देशन र इच्छामा चल्दो रहेछ । त्यो दलको शक्ति सञ्चालनमा दुई अध्यक्षपछिको शक्तिशाली संरचनामा ९ सदस्यीय सचिवालय छ, जसमा पनि ६ प्रदेशको कुनै पनि मुख्यमन्त्री सचिवालय सदस्यसमेत छैन । उनीहरू बढीमा स्थायी समिति सदस्य हुन् । स्थायी सदस्यको हैसियत पनि हामीले बुझ्यौं । चार पाँच महिना लगाएर बल्लतल्ल एक पटक ४३ सदस्यीय स्थायी समितिको बैठक बस्छ तर त्यसमा गतिलो ढङ्गले छलफल नै नभइकन दुई अध्यक्षले ल्याएको प्रतिवेदन पारित हुन्छ । प्रदेशका मुख्यमन्त्रीहरू पार्टीको शक्ति संरचनामा यति तल छन् कि उनीहरूले कुनै प्रभावै पार्न सक्ने अवस्था छैन । जस्तो कोणबाट हेर्दा पनि शक्तिको विकेन्द्रीकरण भएकै छैन । यस किसिमको शक्तिको अत्यधिक केन्द्रीकरणले सङ्घीयता फल्दैन । सङ्घीयताको सफल कार्यान्वयन र प्रयोगका लागि शक्ति छरिनुपर्छ अर्थात् पावर पोलरिफिकेसन हुनुपर्छ । यहाँ त शक्ति केन्द्रीकृत भयो ।

सङ्घीयताको यस्तो अभ्यासले मुलुकलाई कुन दिशातिर डोर्‍याउँछ ?

–नेपालमा अहिले अभ्यास भइरहेको सात प्रदेशको सङ्घीयतालाई कसैले पनि आफ्नो मान्दैन । एक प्रकारले भन्ने हो भने नेपालमा सङ्घीयताका जननी मधेस र जनजाति आन्दोलन हो । यसको जननी नेपाली काँग्रेस र तत्कालीन एमाले हुँदो हो त ४६ सालपछि १५ वर्ष राज्य गरेकाहरू पाँच विकास क्षेत्रलाई नै पाँच प्रदेशका सङ्घीय संरचनामा रूपान्तरित गर्थे होला । । अन्तरिम संविधान बनाउने बेलासम्म पनि सङ्घीयता चाहिँदैन भन्ने पक्षमा नै उनीहरू थिए । सङ्घीयताका जननी मधेसी र जनजाति भए पनि जनजातिको पहिचानमा एउटा पनि प्रदेश बनाइएको छैन । तपाईंहरूले पटक पटक सुन्नु भएको होला, जनजाति अधिकारकर्मी र सङ्गठनले यो सङ्घीयता हाम्रो होइन भन्छन् । अर्थात् स्वामित्वको समस्या त्यहाँ छ । उनीहरूलाई यो सङ्घीयता रहँदा पनि र जाँदा पनि अर्थ छैन । बादरको पुच्छर लौरो न हतियार वा कागलाई बेल पाक्यो, हर्ष न विस्मात जस्तो अवस्था छ । मधेसीहरूको सवालमा पनि उनीहरूले पनि आंशिक स्वामित्व लिएको अवस्था छ । उनीहरू निरन्तर रूपमा संविधान संशोधन गर्नुपर्यी भनेर लागेका छन् । यसको लागि सरकारसँग लिखित हस्ताक्षर गरेको लिस्ट बनायो भने १५ वटा पुग्छ । यो सङ्घीयतासँग मधेसले पनि अपनत्व देखाएको छैन । खस-आर्यका लागि पाँच विकास क्षेत्रलाई सात प्रदेश बनाएकोमा आपत्ति नहुनुपर्ने हो, तर यथार्थ अर्कै छ । अनौपचारिक छलफलमा खस आर्यको सङ्घीय संरचनाप्रतिको विमति अहिले पनि प्रकट हुन्छ । बेकारमा सङ्घीयतामा गइयो, पाँच विकास क्षेत्र नै ठीक थियो भनेको सुनिन्छ ।

यो सङ्घीयता भोलि कुनै कारणले हट्यो भने यसमा सति जान न मधेसी तयार छ न जनजाति तयार छ, न खस आर्य तयार छ । कसैले पनि मेरो नमान्ने सङ्घीय संरचना बन्यो । त्यसैले प्रधानमन्त्री ओलीले कर्णाली प्रदेशका सन्दर्भमा व्यक्त गरेका शब्दहरू कुनै पनि कोणबाट सङ्घीयताको सारसँग मिल्दो नहुँदा पनि एक दुई जनाले मात्र प्राविधिक रूपमा चासो देखाउनुबाहेक त्यसको कुनै विरोध नै भएन ।

नेपालमा सङ्घीयता चाहिन्छ वा चाहिँदैन भन्ने कुरामा मत विभाजित छ । कतिपय मानिसहरूको बुझाइमा सङ्घीयता मुलुकलाई कमजोर बनाउन विदेशीहरूले थोपरिदिएको एजेन्डा भन्दै नेपाल जस्तो संवेदनशील भूराजनीतिक अवस्थितिमा रहेको मुलुकमा अन्ततः विखण्डनको बीउ रोपिदिने खतरा पैदा गराइदिन्छ भन्छन् । के यो धरातलीय यथार्थभन्दा निक्कै परको मनोवैज्ञानिक त्रास वा आशङ्का मात्रै हो ?

–यो तर्क मान्ने हो भने पहिला हामीले भन्नुपर्छ मधेस नेपाल होइन, मधेसी नेपाली होइन । अन्तरिम संविधान घोषणा गर्दा त्यहाँ सङ्घीयता शब्द थिएन भन्ने कुरा कुनै कोणबाट पनि लुकेको छैन । त्यसैबाट मधेस विद्रोह भयो । त्यही मधेस विद्रोहको परिणाम स्वरूप तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले एक हप्तामा दुई पटक सार्वजनिक रूपमा 'अब बन्ने संविधान सङ्घीय संविधान बन्ने छ' भनेर वक्तव्य दिनुभयो । त्यही अनुरूप अन्तरिम संविधान पनि संशोधन भयो । नेपालको धरातलबाट सङ्घीयता जन्मिएको होइन भने हामीले मधेस हाम्रो होइन, मधेसी हाम्रो होइन भन्न सक्नुपर्छ । नभए मधेसको माटोबाट जन्मिएको सङ्घीयता विदेशीको एजेन्डा कसरी हुन्छ ? त्योभन्दा अघि साथै ०४६ सालपछि सुरु भएको जनजाति आन्दोलनको गन्तव्य पनि पहिचान सहितको सङ्घीयता नै थियो भन्ने कुरा हामीले भुल्नु हुँदैन ।

तपाईंले सङ्घीय संरचनाप्रति यतिबेला मधेसी र जनजातिले पनि स्वामित्व लिन नसकिरहेको कुरा औँल्याउनुभयो । त्यसो भए उनीहरूले चाहेभन्दा फरक खालको सङ्घीयतामै जानुपर्ने कारण के थियो ?

–जनआन्दोलन २ को म्यान्डेटमा अन्तरिम संविधान बन्यो । विश्वका कुनै पनि संविधानमा नस्वीकारिएको कुरा त्यो अन्तरिम संविधानमा नेपाल जाति, भाषा, क्षेत्र, धर्मको आधारमा विभेदयुक्त राज्य हो भनी स्वीकारिएको छ । त्यो विभेदबाट मुक्त हुन एकात्मक राज्यबाट सङ्घीय राज्यमा जानुपर्छ भनियो । कसरी जाने भन्दा आदिवासी जनजाति, मधेसीलगायत पिछडिका क्षेत्रका जनताको इच्छालाई सम्बोधन गरी प्रदेश निर्माण गर्नेछ भनिएको थियो । यो अन्तरिम संविधानमा लेखिएको कुरा जन आन्दोलन-२ को म्यान्डेट अनुरूप थियो । तर आन्दोलनको त्यो म्यान्डेड विपरीत दोस्रो संविधानसभा निर्वाचनको म्यान्डेट काँग्रेस र एमालेको पक्षमा आयो । यो दुईवटा म्यान्डेटबीचको अन्तरविरोध हो । जनआन्दोलनको म्यान्डेट अनुसार जाने हो भने अन्तरिम संविधानले पहिचानजन्य सङ्घीयता भनेर बाटो नै देखाइदिएको थियो । त्यही अनुरूप पहिलो संविधान सभामा नेकपा एमालेको ६ जना, काँग्रेसको ७ जनासहित, ४३ सदस्यीय राज्य पुनर्संरचना समितिले सर्वसम्मत निर्णय गरेको थियो । उक्त समितिले पहिचानलाई प्राथमिकै र क्षमतालाई अकी आधार मानी प्रदेश निर्माण गर्ने भनेर सर्वसम्मत निर्णय नै गरेको थियो ।

पहिचानको परिभाषामा १. जाति र समुदाय २. भाषा ३. संस्कृति ४. लक्षित समुदायको बसोबास भौगोलिक निरन्तरता र ५. इतिहासिक निरन्तरता उल्लेख गरियो । भाषा, क्षेत्र, धर्म र जातिको आधारमा भएको विभेद र शोषणबाट मुक्त गर्नका लागि पहिचानजन्य सङ्घीयतासहितको राज्य पुनर्संरचना अवश्यक भनेर टुङ्ग्याउने काम भयो । तर अन्त्यमा दोस्रो संविधान सभासम्म आइपुग्दा राजनीतिक समीकरणमा भएको परिवर्तनले त्यो सङ्घीय संरचनालाई अर्थहीन बनाइदियो ।

अन्तरिम संविधानको मर्मअनुसार सङ्घीयतामा जान नसक्नु र सङ्घीयतालाई'खासै नरुचाएका'हरूको हातमा राजनीतिक सत्ता पुगेका कारण अहिलेको अवस्था आएको हो त ?

–अङ्ग्रेजीमा एउटा शब्द छ, चभगिअतबलत जसको अर्थ हुन्छ- अनिच्छा वा अस्वीकार्यता । २०४६ सालमा बहुदलको पुनर्स्थापना भएयता दोस्रो जनआन्दोलनसम्म आइपुग्दाको करिब १५ वर्षको समयावधिभित्र राज्यसत्तामा एमाले र काँग्रेस हावी रह्यो । उनीहरूले सङ्घीय संरचनामा जाने सोचै बनाएनन् । जनआन्दोलन २ को म्यान्डेटका आधारमा अन्तरिम संविधान बनाउँदा त्यसमा सङ्घीयता नभएकाले क्यबिनेटको बैठकमा नोटअफ डिसेन्ट लेख्ने सद्भावना पार्टीका नेता हृदयस त्रिपाठी मात्र थिए ।

तत्कालीन राज्यसत्ताले मधेस आन्दोलन थेग्न सकेको भए सङ्घीयता आउने थिएन । त्यतिबेला गिरिजाप्रसाद कोइरालाले भारतसँग कुरा गरेर मधेस आन्दोलनको समस्या एक दिनमा समाधान गर्ने बताएका थिए । तत्कालीन माओवादीका अध्यक्ष प्रचण्डले नेपाली सेना र जनसेना संयुक्त रूपमा परिचालन गरेर मधेस आन्दोलन दमन गर्छु भने । तर राज्यले दबाउन सकेन । राज्यले सकेको भए सङ्घीयताको मुद्दा त्यहीँ रोकिने थियो । नसकेपछि र वास्तवमा जानुपर्ने बाटो त अर्कै रहेछ भन्ने महसुस गरेपछि मात्रै सङ्घीयताको कुरा आएको हो । जनआन्दोलन २ को म्यान्डेटले एउटा बाटो दिएको थियो भने संविधान सभाको निर्वाचन २ ले अकी बाटो दियो । म्यान्डेटको यो विरोधाभाषले गर्दा नै रूपमा सङ्घीयता तर सारमा एकात्मकता भएको व्यवस्था जन्मियो ।

जनआन्दोलन २ मा सङ्घीयताको म्यान्डेट जन्माउने शक्तिहरू दोस्रो संविधान सभामा पछि पर्नु वा सशक्त रहन नसक्नुको कारण चाहिँ के रहे त ?

–निश्चय पनि संविधान राजनीतिक सम्झौताको दस्तावेज हो तर त्यसको पछाडि सामाजिक सम्झौताको अवयव हुनु पर्दछ, तब न त्यो संविधान स्थिर हुन्छ । भारतमा १९५० मा बनेको संविधानको निरन्तरता छ । अमेरिकामा पनि एउटै संविधान अहिलेसम्म निरन्तरता छ । त्यसरी निरन्तरता पाउनुको कारण के हो भने ती संविधान बनाउँदा त्यसका पछि रहेका सामाजिक सम्झौताहरू थिए । हाम्रोमा चाहिँ त्यो भएन । संविधान घोषणा हुँदा खस आर्यहरूले दीपावली गरेर खुसी मनाए भने उता मधेस अन्धकारमय भयो । जनजातिहरू चाहिँ न त खस आर्यले जस्तै खुसीले उफ्रन सके, न मधेसीहरू जस्तै विद्रोहमा उत्रन सके । त्यसैले सङ्केत गर्छ- यो संविधान कस्तो बन्यो भनेर । त्यस आधारमा पनि भन्न सकिन्छ, अहिलेको सङ्घीय संरचना जेजस्तो रूपमा छ, त्यो अगाडि बढ्नै सक्दैन ।

भन्नलाई गाउँगाउँमा सिंहदरबार भनिएको छ तर यथार्थ त्यसको विपरीत छ । मसँग दुईवटा सूची छ, एकात्मक शासन व्यवस्था हुँदा नै बनेको स्वायत्त शासन ऐन २०५६ र नेपालको संविधानको अधिकार सूची । संविधानमा उल्लिखित २२ वटा अधिकार सूची २०५६ स्थानीय स्वायत्त शासन ऐनले दिएको कार्यक्षेत्रभन्दा कम छ । वास्तवमा, स्थानीय स्वायत्त शासन ऐनले स्थानीय सरकारलाई जति अधिकार दिएको थियो त्यति पनि अधिकार यो संविधानले दिएको छैन । यथार्थविपरीत मिडियाले महिमामण्डित गरिदिँदा सिंहदरबार गाउँगाउँमा भन्ने भ्रम पैदा भयो । स्थानीय स्वायत्त शासन ऐनले करिब १७ वटा विषयमा कर तथा सेवा शुल्क लिने अधिकार दिएकोमा त्यो घटाएर १२ वटामा ल्याइएको छ । त्यो १२ वटा कर तथा सेवा शुल्क लिने अधिकारमा पनि ७ वटा त प्रदेश सरकारलाई दिइएको छ । प्रदेश सरकारले कानुन बनायो भने त स्थानीय सरकारको त्यो अधिकार पनि कटौती भएर जान्छ । स्थानीय स्वायत्त शासन ऐनले गाउँपालिका र नगरपालिकाको कुल बजेटको ३५ प्रतिशत वञ्चितीकरण तथा पछाडि परेका समूहका हितको निम्ति छुट्याउनै पर्ने प्रावधान राखेको छ । अहिले ७ वटा स्थानीय सरकारको मैल स्थलगत अध्ययन गर्दा त्यो १० देखि ११ प्रतिशतमा झरेको छ । त्यो ऐनको आधारमा हेर्दा पनि यो संविधान हेर्दा र पढ्दै जाँदा उत्ति नै पछाडि परेका फेला पर्छ । त्यसैले मलाई अहिलेको प्रदेशको खाका, ७५३ संख्याको स्थानीय सरकारको संरचना बोकेर नेपाल सङ्घीयताको सही अभ्यासमा अघि बढ्ला भन्ने लाग्दैन ।

वर्तमान सङ्घीय संरचनाको विकल्प के हुनसक्छ?अन्तरिम संविधानको स्प्रिट बोकेर कुनै राजनीतिक पार्टी वा समूह आउन सकेको छैन । बरु नेपाललाई सङ्घीयता आवश्यक छैन भन्ने तप्का बढिरहेको छ । के यो सङ्घीयता खारेजीको बाटोमा हो ?

–यो सङ्घीयता कसैले पनि स्वामित्व ग्रहण गर्न नसकेकाले यसलाई खारेज गरिहाले पनि कोही सती जाँदैन । मैलेभन्न खोजेको कुरा के हो भने सात प्रदेशको सङ्घीयता घोषणा भएको दिन यो देशले एउटा सुनौलो अवसर गुमायो । पुनर्संरचना गर्ने भनेका तत्कालीन समयको आवश्यकता अनुसार बनाउने हो ।

नेपालको एकीकरणपछि पहिलो पल्ट ५६ वटा थुममा विभाजित थियो । राज्य जितेर सधैँ त्यहाँ बस्ने स्थिति रहँदैन, विजेता फर्किँदा त्यहाँ विद्रोह नहोस् भनेर गौडागौडा छानेर ५६ वटा थुम बनाइएको थियो । राणाकालसम्म आइपुग्दा एकीकृत गरेका बाइसे-चौबिसे छुट्टिने सम्भावना नरहेपछि ती थुमलाई आवश्यक ठानिएन ।

त्यतिबेला राणाको मूलभूत काम वा उद्देश्य कर उठाउने र शान्ति सुरक्षा दिने थियो । फलतः ३२-३५ वटा जिल्ला बनाइए । राणाकालमा पञ्चायतकालीन पाँच विकास क्षेत्रको सट्टामा चार क्षेत्रहरू पूर्व, पश्चिम, उत्तर र दक्षिण गरेर बनाइए हरेकमा कमान्डिङ जरनलको व्यवस्था थियो । २०१५ सालमा निर्वाचन प्रयोजनका लागि १०९ वटा निर्वाचन क्षेत्र बनाइयो । त्यो निर्वाचन अगाडि राणाकालमा सम्पूर्ण सत्ता राणाको भए पनि कमसेकम कर्मचारी तहमा बाहुन, क्षेत्री, नेवार त थिए, जनजाति र मधेसी छँदै थिएनन् भन्दा हुन्छ । तर एकाएक निर्वाचन क्षेत्र १०९ बनाउँदा र ०१५ सालको संविधानमा जातीय-भौगोलिक बनोटलाई निरन्तरता दिँदा २०-२२ प्रतिशत जनजाति र लगभग त्यति नै प्रतिशत मधेसी चुनाव जितेर आए । मधेसबाट पञ्चायतलाई चुनौती हुने देखेपछि २०१८ सालमा राजा महेन्द्रले उत्तर दक्षिण हुने गरी ७५ वटा जिल्ला बनाए । कूल मधेसको २० जिल्लामा १७ प्रतिशत पहाडी भूभाग हो भने बाँकी ५ प्रतिशत पनि पहाडी भूभाग मिसाए । भन्नुको मतलब राजा महेन्द्रको ७५ जिल्ला बनाउनुको भित्री उद्देश्य अर्थात उनको उद्देश्य एउटै राजा एउटै देश, एउटै भाषा एउटै भेषलाई आत्मसात वा अन्तरघुलन गराउने हो । तर दोस्रो जनआन्दोलनपछि त्यो मोडेलको विकल्पमा विविधतालाई स्वीकार्नु र मान्यता दिनुपर्छ भनेर सङ्घीयताको कुरा आएको हो । यस सन्दर्भमा माओवादी विद्रोहले छोटो समयमा नै उभार लिनुको पछाडि दलित, जनजाति, मधेसी, महिला लगायतका कुरालाई उठाउन सक्नु नै हो ।

मेरो अध्ययन र ज्ञानले जिल्लाको अवधारण बोकेर सङ्घीयता सफल हुँदै हुँदैन भन्छ । कार्यगत रूपमा प्रदेशका मन्त्रीभन्दा प्रमुख जिल्ला अधिकार पावरफुल छ । सीडीओ भनेको केन्द्रको एजेन्ट हो । आम जनताका अधिकांश कामकारबाहीमा प्रदेशसँग सीधा सम्पर्क हुने अवस्था छैन । यो संरचना कसरी बनाएको होला ? पाँच क्षेत्रको सात प्रदेशले जिल्लाको अवधारणा यथावत राखेर नेपालमा सङ्घीय संरचना अगाडि बढ्दैन । सङ्घीयताको मृत्यु भए पनि कोही कुनै समुदाय यसको सती जाँदैन । त्यसैले अहिले पनि मुख्य चुनौती भनेको नेपाली राज्य बहुजातीय भनेर स्वीकार्ने कि नस्वीकार्ने ? भन्ने हो । होइन भने होइन भन्नुपर्‍यो । हो भने राज्यको परिभाषाबाटै सुरु गर्नुपयी । अन्तरिम संविधान र २०४७ सालको संविधानमा नेपाल एउटा बहुजातीय राज्य भन्यो । यो संविधानमा राज्यको परिभाषाबाट त्यो बहुजातीय शब्दै झिक्यो । राष्ट्रको परिभाषामा राख्नु र राज्यको परिभाषामा नराख्दा के अर्थ बुझिन्छ ? राष्ट्र र भनेको समाज हो, राज्य भनेको शक्ति संरचना हो । शक्ति संरचना बनोटमा बहुजातीय शब्द झिक्नुको आसय अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्र शब्द झिके जस्तै हो । हरेक शब्दको विशिष्ट अर्थ हुने गर्छ ।

नेपालमा गणतन्त्र र सङ्घीयता सीमान्तकृतहरूलाई राज्यसत्ताको मूलधारमा ल्याउनेभन्दा पनि राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरू पाल्ने तथा उनीहरूको पदीय व्यवस्थापन गर्ने माध्यम बनेको आम जनताको बुझाइ बन्दै गएको छ । यस्तो किन भयो ?

बाँकी पृष्ठ ४ मा

साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

## कोरोना संक्रमणका विरुद्ध

# शरीरमा बनेको इम्युनिटी वर्षौंसम्म रहने

**–ज्ञानमित्र**

कोरोना विरुद्ध बनेका भ्याक्सिनले एकतिर संसारमै हर्षको लहर छाएको छ भने यसले दिने सुरक्षालाई लिएर बडी असमञ्जस्यको वातावरण रहेको छ । अधिकांश भ्याक्सिन निर्माता कम्पनीहरुले चाहे त्यो ऐस्ट्रेजेनिका होस्, फाइजर, मोर्डना, भारत बायोटेक होस् कि अन्य कुनै कम्पनीको भ्याक्सिन, सबैको बारेमा प्रचारित के गरिएको छ कि भ्याक्सिनले दिने सुरक्षा कमतीमा ३ महिना र बढीमा ५ महिना सम्म मात्रै हुनेछ । अर्थात भ्याक्सिनले शरीरमा बनने एन्टिबडी ५ महिनासम्म मात्रै रहन्छ । उपभोक्ताले ५ महिना पछि फेरि भ्याक्सिनको सुई लिनुपर्छ ।

स्पष्ट, साँचो र कुनै कुरा नलुकाई तथ्यको आधारमा भन्ने हो भने कुनै पनि भ्याक्सिनले ट्रायलका सबै चरण पार गरेर आफ्नो उपयोगिता साबित गरेका छैनन्, किनकि त्यसका लागि समय नै पुगेको छैन । महामारीको त्रासले गर्दा भ्याक्सिनको चौथो चरणको ट्रायल नगरी नै तेस्रो चरणको ट्रायलको आधारमा नै इङ्गल्याण्डदेखि अनेको देशले भ्याक्सिनेसनका लागि स्वीकृत दिएका हुन् ।

यस्तोमा प्रश्न उठ्नु स्वाभाविक हो, भ्याक्सिन निर्माता कम्पनीहरुले कुन आधारमा भ्याक्सिनले बनाउने एन्टिबडी जम्मा ५ महिना मात्रै रहने भन्न सक्छन् ? भ्याक्सिन लाउने कार्य शुरू भएको पुग नपुग एक महिना हुँदैछ । यसमा पनि महत्वपूर्ण कुरा के हो भने प्रत्येक भ्याक्सिनका दुई खुराक लिनु आवश्यक छ । र, भ्याक्सिन निर्माता कम्पनीका अनुसार पहिलो खुराक लिएको २१ दिनमा अर्को खुराक लिनुपर्छ । यसरी २१ दिन पछि लिएको दोस्रो खुराकको सातौं दिन अर्थात पहिलो खुराक लिएको २८ दिन पछि मात्रै शरीरमा एन्टिबडी बन्छ । ९ फाइजर कम्पनीले भने आफ्नो भ्याक्सिनले भ्याक्सिन लाएको ८।१० दिन देखि नै सामान्य एन्टीबडी बन्ने जानकारी दिएको छ ।यहाँनिर ध्यान दिनु पर्ने कुरा के हो भने भ्याक्सिन लिएको २८ दिनसम्म संक्रमणको जोखिम यथावत नै रहन्छ । अर्थात यस बीचमा भ्याक्सिन लिने मानिसलाई कोरोना संक्रमण भयो भने उसको हालत भ्याक्सिन नलिएको व्यक्ति सरह नै हुन्छ । भारतका एकजना राज्य स्तरका मन्त्रीमा नै यो प्रमाणित भई सकेको कुरा हो ।

अब प्रश्न उठ्छ, इङ्गल्याण्डमा दोस्रो खुराक लिएका (भ्याक्सिनेसनको पहिलो चरणमै भ्याक्सिन प्राप्त गर्ने सौभाग्यशाली मानिस ) सीमित व्यक्तिबाहेक (दोस्रो खुराक लिएको ७ दिन भई सकेको) विश्वका कुनै व्यक्तिमा भ्याक्सिनले बनाउने एन्टिबडी बनेको छैन । (यहाँ मैले भ्याक्सिनबाट बनने एन्टिबडीको कुरा गरेको हुँ व्यक्तिको शरीरले संक्रमणका विरुद्ध लडेर शरीरभित्रको आफ्नै इम्यून सिस्टमले बनाएको एन्टिबडीको कुरा गरेको होइन ।)अब हेर्नुस्, इङ्गल्याण्डमा भ्याक्सिनको दोस्रो खुराक लिएका केही व्यक्तिमा एन्टिबडी बनेको एक साता पनि भएको छैन । यस्तोमा भ्याक्सिनले बनेको एन्टिबडी शरीरमा जम्मा ५ महिना मात्रै रहने कुरा कसरी भन्न सकिन्छ ? मानिस शरीर संसारको सबैभन्दा जटिल मेशिन हो । यसको प्रतिक्रिया र व्यवहारबारे भविष्यवाणी गर्नु आफैमा हास्यास्पद कुरा हो । भ्याक्सिनबारे यस्तो दावी गर्नु, यस्ता कुरा प्रचारित गर्नु ती कम्पनीहरुको पूर्व नियोजित व्यापारिक षड्यन्त्र त होइन भन्ने शंकालाई जन्म दिन्छ ।यसै बीच अमेरिकाको “ला जोला इन्स्टीट्यूट फार एलजी एंड इम्यूनोला‘जी” बाट (िब व्यींबि क्ष्लकतष्तगतभ ायच बींभिचनथ ७ क्ष्गलययिनथ ) खुशी सञ्चार हुने समाचार आएको छ । यस इन्स्टीट्यूटले गरेको एक अनुसन्धानको रिपोर्ट अनुसार कोरोना संक्रमणसंग लडेर जीतेका मानिसहरुमा बनेको एन्टिबडी महीनौं, वर्षौंसम्म रहिरहने तथ्य उजागर भएकोछ । कोरोना संक्रमण भएर स्वस्थ भएका १८८ जाना व्यक्तिमा भएको परीक्षणले यसको पुष्टि भएको । अनुसन्धानकर्ताले स्वस्थ भएका १८८ जनाको रगत परीक्षण गर्दा तिनको शरीरमा सुरक्षात्मक एन्टिबडी रहेको पाइएको छ । यस सुरक्षात्मक एन्टिबडीले उनीहरु पुनः कोरोना संक्रमित हुँदा संक्रमणसंग लडन सक्षम हुन्छन् । एक पटक कोरोना भइसकेको मानिसलाई पुनः कोरोना लाग्दैन भन्ने होइन तर लागेमा पनि उनीहरुको इम्यून सिस्टमले तुरुन्तै यस विरुद्ध लडेर यसलाई सखाप बनाउँछ ।

अनुसन्धानमा संक्रमण भएर निको भएका व्यक्तिको रगतमा इम्यून सिस्टमका चार आवश्यक घटक एन्टिबडी, मेमोरी बी सेल्स, हेल्पर टी सेल्स र किलर टी सेल्स पाइएका छन् । अनुसन्धानका प्रमुख “ला जोला इंस्टिट्यूट फा‘र एलजी एंड इम्मुनोला‘ज‘” का प्रोफेसर एलेसांड्रो सेटे भन्छन , “हाम्रो रिसर्चले प्रमाणित भएको छ- संक्रमणबाट निको भएका व्यक्तिमा लामो समयसम्म रोग प्रतिरोधक क्षमता रहन्छ, यो वर्षौंसम्म रहन सक्छ, यसबारे दावी साथ भन्ने समय नै भएको छैन ।”

उनले यस विषयमा चलेका कोरोनाबाट स्वस्थ भएका मानिसको एन्टीबडीमा तीव्रताले ह्रास आउछ भन्ने तर्कलाई अस्वीकार गर्दै भने “एन्टीबडीमा कमी आउनु सामान्य कुरा हो । इम्यून सिस्टमको काम गर्ने आफ्नै शैली र प्रक्रिया हुन्छ । समान्तयः इम्यून सिस्टमले नयाँ शत्रुका विरुद्ध लडन बनाएको रसायन अथवा एन्टीबडी बनाउने विधिलाई स्मरणमा राख्छ । साथै यस विरुद्ध बनेका आफ्ना हतियार (एन्टीबडी, मेमोरी बी सेल्स, हेल्पर टी सेल्स र किलर टी सेल्स) लाई विसर्जित गरी हाल्दैन । हो, केही समयपश्चात यिनको मात्रामा कमी आउछ तर पुनः यस्तै खाले संकट आउना साथ इम्यून सिस्टमले तुरन्तै आफ्ना यी हथियारमा वृद्धि गरेर शत्रुलाई परास्त गर्छ ।”

ला जोला इन्स्टीट्यूटको यस अनुसन्धानले कोरोना संक्रमण भई निको भएका (भ्याक्सिन प्रयोग नगरी नै) व्यक्ति र भ्याक्सिन पर्खिरहेका व्यक्तिमा खुशीको संचार हुनु स्वाभविक नै हो । यस अनुसन्धानले भ्याक्सिनले बन्ने एन्टीबडी पनि शरीरमा लामो समयसम्म रही रहने विश्वास जगाएको छ ।


## संस्थागत विद्यालय शिक्षक युनियन (ISTU)

### भद्रपुर नगर समिति झापा

**मिति : २०७७/०९/२६**

श्रीमान् अध्यक्षज्यू
प्याब्सन/एन प्याब्सन भद्रपुर नगर समिति मार्फत विद्यालय सञ्चालकज्यूहरू भद्रपुर झापा ।
विषय : जानकारी सम्बन्धमा

संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) भद्रपुर नगर समितिले भद्रपुर नगर क्षेत्रका संस्थागत विद्यालयहरूले विभिन्न बाहना बनाएर शिक्षक तथा कर्मचारीहरूको तलब नदिएको प्रति गम्भीर ध्यानाकर्षण गर्दै माघ ५ गतेबाट अनिश्चितकालीन शैक्षिक हड्ताल गर्ने निर्णय गरेको जानकारी गराउँदछौं ।

शैक्षिक वर्ष २०७७ सालको ९ महिना पूरा हुन लाग्दा समेत शिक्षक, कर्मचारी, चालक तथा सहचालकहरूलाई पूर्ण पारिश्रमिक नदिइ विद्यालय सञ्चालकज्यूहरूले झारो टार्ने प्रयास गरिरहेको प्रति खेद प्रकट गर्दै यस अन्याय बिरूद्ध लड्न विद्यालय बन्द जस्तो कठोर कदम चाल्न बाध्य भएको अवगत गराउँदछौं ।

पहिलो पटक २०७७ जेठ ५ गते भद्रपुर नगरपालिकाको कार्यालयमा प्याब्सन एन प्याब्सन भद्रपुर नगर समितिले संस्थगत विद्यालय शिक्षक युनियन भद्रपुर नगर समितिसित गरेको सहमती २०७७ पौषको अन्तिम सातासम्म आइपुग्दा पूर्ण रूपमा कार्यान्वयनको चरणमा पुग्न सकेन । नगर सरकार जस्तो जिम्मेवार निकायमा आएर सहमती गर्ने कार्यान्वयनका चरणमा नगरपालिका जान्दछ भनेर पछि हड्ने संस्थागत विद्यालयका सञ्चालकहरूलाई कानुनी दायरामा ल्याएर नीति र विधिमा चल्ने वातावरण बनाइ दिन पटक पटक अनुरोध गरियो तर प्याब्सनको भूमिका पनि समन्वयकारी देखिन सकेन । पटक पटक शिक्षक कर्मचारीले विद्यालय सञ्चालकसित विवेक पलाउला कि भनेर आशा सहित शिक्षण कृयाकलाप गराइरहेका छौं । तर सञ्चालकज्यूहरू नाफाभन्दा बाहिर निस्कन सक्नु भएन । जसको परिणाम बन्द जस्तो अप्रिय निर्णय गर्न बाध्यता आइलाग्यो ।

शैक्षिक वर्षको पहिलो चार महिने अवधिमा कोरोनाका कारण विद्यालय बन्द भएको बाहना देखाएर राज्यको नीति नियम अतिक्रमण भएको छ । दोश्रो चारमहिनामा विद्यालय विभिन्न रूपबाट सञ्चालनमा आए । सरकारले शुल्क उठाउन अनुमति पनि दियो । अभिभावकहरूले शुल्क समेत तिरे तर शिक्षक कर्मचारीको श्रमलाई अपमानित गर्दै झारो टार्ने शैलीमा कनिका छरेजस्तो पारिश्रमिक छरेर शोषणको उत्कण्ठा मच्चाइयो । यस खालका श्रमिक मारा व्यवहारको प्रतिवाद गर्न बन्दको बाटो रोज्ने निर्णय गर्न शिक्षक कर्मचारी बाध्य भएका हौं ।

वर्षभरी विद्यालयको उन्नति प्रगतिका लागि परिश्रम गर्ने शिक्षक कर्मचारीलाई बन्दाबन्दीको बाहना देखाएर दिनु पर्ने पारिश्रमिक नदिने कार्य विद्यालय सञ्चालकहरूले कुन कानुन अनुसार गर्नु भएको हो ? नेपालको प्रचलित कानुन, नियमावली भित्र कहीँ पनि काममा लगाइएका श्रमिकलाई कम पारिश्रमिक दिनु पर्ने वा पारिश्रमिक नै दिनु नपर्ने नियम भेटिएको छैन । नीति, नियम र कानुनलाई हातमा लिएर विद्यालय सञ्चालन गर्ने सोच त्याग्न विद्यालय सञ्चालकहरूसित आग्रह गर्दछौं । संस्थागत विद्यालयको शैक्षिक उन्नतिमा शिक्षक कर्मचारीको योगदान नबिर्सन अनुरोध समेत गर्दछौं । हामी चाहन्छौं बन्द जस्तो कठोर काम गर्नु नपरोस् यसका लागि विद्यालय सञ्चालकहरू जिम्मेवार बनिदिनुहोस् । नियामक भूमिकामा रहनु भएका जिल्ला प्रशासन, श्रम तथा रोजगार कार्यालय, नगर शिक्षा समिति लगायत निकायका जिम्मेवार व्यक्तिहरूले बौद्धि श्रमिकका समस्या हल गरिदिन अनुरोध समेत गर्दछौं । यस अभियानमा अभिभावक, राजनीतिक दल, विद्यार्थी संघ, संगठन, मानव अधिकारकर्मी, सञ्चार जगतलाई समेत न्यायका लागि अगाडि आएर सहयोग गर्न अपील गरिन्छ ।

**आन्दोलन परिचालन समिति संयोजक**
**विदुर ढुंगाना**

**अध्यक्ष**
**द्रोण अधिकारी**

**संस्थागत विद्यालय शिक्षक युनियन भद्रपुर नगर समिति ।**






**कमल गाउँपालिकाको कार्यालय**
क्लाम्पाबजार, झापा






**हल्दिबारी गाउँपालिकाको कार्यालय**
हल्दिबारी, झापा






**गौरादह नगरपालिकाको कार्यालय**
गौरादह, झापा






**कचनकवल गाउँपालिकाको कार्यालय**
बनियानी, झापा

### संविधान सभाका अध्यक्ष

# सुवाचन्द्र नेम्वाङ संविधानको पक्षमा उभिन सकेनन्



नेपाली कांग्रेसका नेता गगन थापाले संविधान सभाका अध्यक्ष सुवाचन्द्र नेम्वाङ संविधानको पक्षमा उभिन नसकेको भन्दै, ट्विटमा लेखेका छन् ।

"प्रतिनिधिसभा विघटनको संवैधानिक प्रश्नमा आजबाट सर्वोच्च अदालतमा बहस सुरु हुँदैछ। म यतिवेला संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई सम्झिरहेको छु, जसलाई संविधानका अक्षर त्यसको स्पन्दन अनि त्यससंग जोडिएका सन्दर्भ र त्यस समयका सभासमिति अनि कोठादेखि चोटासम्मका बहसको बारेमा थाहा छ । मलाई लागेको थियो यो संकटमा मेरो अध्यक्षले अदालतमै उभिएर श्रीमान् प्रधानमन्त्री ओलीले गर्नुभएको प्रतिनिधिसभा विघटन असंवैधानिक हो । मेरो नेतृत्वमा बनाएको संविधानमा यस्तो प्रावधान लेखिएकै छैन र विधायिकी मनसाय यस्तो हुँदै होइन भनेर सन्दर्भ सहित जमेर बहस गर्नुहुनेछ ।

अपसोच उहाँ त कसैले केही सोध्लान की भनेर लुकेर बस्नुभएको छ, प्रश्नबाट भाग्नुभएको छ। आफैले बनाएको संविधानमा कू हुँदैगर्दा त्यस विरुद्ध चुइँक्क बोल्न नसक्ने मेरो अध्यक्षको यो तहको निरिहता देख्दा दया लागेको छ। संविधान बनाएको संविधान सभाको नेताले त संविधानको पक्षमा उभिने साहस गर्न सक्नु भएन । मलाई विश्वास छ, संविधानको व्याख्या गर्ने जिम्मेवारी पाएको सम्मानित सर्वोच्च अदालतले संविधानको पक्षमा उभिने साहस राख्नेछ ।"

# दमक कांग्रेसले शैक्षिक मागपत्र बुझायो



– सन्दर्भ समाचारदाता

दमक । दमक क्षेत्रका सामुदायिक बिद्यालयहरुमा देखिएका समस्याको बारेमा आज मंगलवार नेपाली काङ्ग्रेस दमक नगर समितिले स्थानीय सरकारको ध्यानाकर्षण गराएको छ । लामोसमयदेखि दमकको शैक्षिक क्षेत्रमा अस्तव्यस्त भएपनि स्थानीय सरकारले प्रभावकारी काम गर्न नसकेको भन्दै कांग्रेस दमकले चार सुत्रीय शैक्षिक मागपत्र बुझाईएको पार्टीका शिक्षा विभाग प्रमुख पर्शुराम रिजालले वताए ।

काङ्ग्रेस महासमिति सदस्य शेर बहादुर भट्टराई, क्षेत्रिय सभापति ढुण्डिराज भण्डारी, जिल्ला सह-सचिव राजेन्द्र भण्डारी, महाधिवेशन प्रतिनिधि घनेन्द्रराज योङ्या, नगरसभापति रोशन बिष्ट सहितको प्रतिनिधि मण्डलले दमक नगरपालिका प्रमुख रोमनाथ ओली, प्रमुख प्रशासकिय अधिकृत गणेशप्रसाद तिम्सिना, शिक्षाशाखा प्रमुख दिनेश न्यौपानेलाई उक्त ज्ञापन पत्र बुझाएका हुन् ।

पार्टीका नगर सभापति रोशन विष्टद्धारा हस्तक्षारित मागपत्रमा तीन सदस्यीय अभिभावकविहीन कामचलाउ विद्यालय व्यवस्थापन समिति आजको मितिदेखि खारेज गरि ७ दिन भित्रमा विद्यालय व्यवस्थापन समिति गठन प्रकृया शुरु गर्नुपर्ने, राज्यले निशुल्क भनी घोषणा गरेको माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपले निशुल्क गर्नुपर्ने उल्लेख छ ।

यस्तै, पूर्व प्राथमिक तथा बाल कक्षाका शिक्षकहरु र विद्यालयका कर्मचारीहरुलाई तह अनुसार नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक दिने व्यवस्थ ागर्न तथा प्रमाणपत्रको नाममा विद्यालयहरुले लिदै आएको तिर्न नसक्ने गरि लगाएको शुल्क लिन तुरुन्त वन्द गर्न माग गरिएको रिजालले जानकारी दिए ।

# तुर्सा हेमरमको २४ औं स्मृति दिवस सम्पन्न



– सन्दर्भ समाचारदाता

कनकाइ । नेपाली प्रजातान्त्रिक आन्दोलनका अगुवा नेता स्वर्गीय तुर्सा हेमरमको २४ औं स्मृति दिवस आज सम्पन्न भएको छ । कनकाई नगरपालिका नगर कार्यपालिका नजिकै निर्माणाधीन तुर्सा हेमरम स्मृति प्रतिष्ठान परिसरमा स्मृति समारोह आयोजना गरी उनको राजनीतिक योगदान र जीवनीबारे चर्चा-परिचर्चा गरिएको हो ।

प्रतिष्ठानका अध्यक्ष गोपालकुमार बस्नेतको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि तथा नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले साधा जीवन र उच्च विचार भएका तुर्सा हेमरमले वीपीको अत्यन्तै निकट रहेर प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएको चर्चा गरे । सन्थाल समुदायमा जन्मिएर हुर्किएका हेमरमले वीपी र नेपाली कांग्रेस झापाका पूर्व सभापति समाजवादी चिन्तक सिके प्रसाईका अत्यन्तै निकट रहेर राजनीति गरेको स्मरण गर्दै उनी प्रजातन्त्रप्रति निष्ठावान रहेको स्मरण गरे । झापाका पूर्व उपसभापति समेत रहेका स्व.तुर्सा हेमरम वीपीका अन्त्यन्तै विश्वास पात्रमध्येका एक मानिने चर्चा गर्दै सभापति थापाले भने-'वीपीले सबै जातजाति, भाषा-भाषी, वर्ग, क्षेत्र, लिङ्गको सहभागिता पार्टीमा गराएका थिए । समावेशी सहभागिताको अनुपम नमूना वीपीको पालादेखि कांग्रेसमा थियो । अहिले पनि छ ।'

प्रजातान्त्रिक योद्धा तथा तुर्साका समकालीन नेता सुरेश बास्केले हेमरमको जीवनीबारे चर्चा गरेको कार्यक्रममा स्वागत प्रेममुनी मुर्मु र सञ्चालन शिव कडेलले गरेकाथिए ।

वि.सं. १९८० सालमा जन्मिएका तुर्सा हेमरमको वि.सं २०५४ साल पुस २० गते निधन भएको थियो । झापाको शरणामतिमा हेमरमको स्थायी बसोबास रहेको थियो । प्रजातन्त्र सेनानी सम्मान समेत प्राप्त गरेका हेमरम अत्यन्तै सामान्य परिवारमा जन्मिए पनि राजनीतिक चेत, विचार र संगठन गर्ने कार्यमा सबल रहेको उनका समकालीन नेताहरु बताउँछन् ।

# सशस्त्र प्रहरी बल नम्बर २ गणको हेडक्वाटर उद्घाटन

– सन्दर्भ समाचारदाता

भद्रपुर । सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले सशस्त्र प्रहरी बल नम्बर २ गणको हेडक्वाटर विविधत रुपमा उद्धाटन गरेका छन् । उनले सीमा सुरक्षा कार्यालयबाट गणमा परिणत भएको दुई बर्षपछि गणको हेडक्वाटर उद्धाटन गरेका हुन् ।

गणको उद्धाटन सभालाई सम्बोधन गर्दै सशस्त्र प्रहरी कर्मचारीहरुलाई इमान्दार, अनुशासित र बफादार भई नागरिकको सेवा, सुरक्षामा उच्च मनोबलका साथ सहयोग गर्न निर्देशन दिएका थिए । उनले सीमा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीको जिम्मेवारी ठूलो रहेकाले देश र जनताप्रति दृढ संकल्प भई सच्चा राष्ट्रसेवकको कर्तव्य निर्वाह गर्न उनले आग्रह गरे ।

वि.सं. २०७५ मा मन्त्रिपरिषदद्वारा



स्वीकृत सीमा सुरक्षा कार्यालयका रुपमा रहेको यस कार्यालयको स्तारोउन्नति गरी गणमा परिणतसहित जनशक्ति थप गरेको थियो । गणमा थप जवान व्यारेक, महिला व्यारेक, जवान मेस, कार्यालय र ठूलो सभाहलसहितका भौतिक संरचना निर्माण भएको सशस्त्र प्रहरी बल नम्बर २ गण हेडक्वाटरका प्रहरी उपरीक्षक रमेशकुमार पाण्डेले जानकारी दिए ।

उनका अनुसार आइजीपी खनालले काँकरभिट्टा, पुथ्वीनगर, क च न क व ल ल गा य त का विओपीहरुको स्थलगत निरीक्षणसहित स्थानीयवासीसँग अन्तरक्रिया कार्यक्रम र जिल्लाका सुरक्षा समितिका पदाधिकारीसँग जिल्लाको समग्र बस्तुस्थितिको बारेमा जानकारी लिएका थिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिना, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्ण कोइरालालगायतको उपस्थिति रहेको थियो ।

# अध्यक्ष अमृत काकी र उपाध्यक्ष नन्द बहादुर राय पक्राउ

– सन्दर्भ समाचारदाता

दुधे । गैडें सामुदायिक वन शिवसताक्षी-१० का अध्यक्ष अमृत कार्की र उपाध्यक्ष नन्द बहादुर राय पक्राउ परेका छन् । उनीहरुलाई काठ तस्करी आरोपमा शुक्रवार पक्राउ गरिएको दमक सव डिभिजन वन कार्यालयका प्रमुख एकराज दाहालले जानकारी दिए ।



उनका अनुसार ३२१ क्युफिट साल जातको काठ तस्करी गरेको आरोपमा पक्राउ गरिएको छ । पक्राउ परेका अध्यक्ष र उपाध्यक्षलाई डिभिजन वन कार्यालय झापाको कार्यलय चन्द्रगडीमा राखिएको छ ।

अध्यक्ष कार्की र उपाध्यक्ष रायको नेतृत्वमा रतुवामाई वृक्षारोपण आयोजनामा सुकेका खडा रुख दुई थान काटेर गोलिया बनाउँदै गर्दा पक्राउ गरिएको हो । उनीहरुले १ थान रुख काटेर गोलिया बनाई गैडे सामुयिक वनको हाताभित्र परालले छोपेर राखेको अवस्थामा फेला पारिएको थियो ।

संयुक्त गस्तीका क्रममा पक्राउ परेका दुवैलाई वन ऐन २०७६ बमोजिम कारवाही हुने दमक सव डिभिजन वन कार्यालयका प्रमुख दाहालले जानकारी दिएका छन् ।

# भद्रपुर भन्सारले लक्षभन्दा बढी राजश्व संकलन



– सन्दर्भ समाचारदाता

भद्रपुर । लकडाउनका बाबजुद् झापाको भद्रपुर भन्सार कार्यालयले यस आ.व. २०७७/७८ को साउनदेखि मंसिर मसान्त सम्मको विगत ५ महिनाको अवधिमा १५ करोड ७१ लाख १९ हजार रुपैयाँ राजश्व संकलन गरेको छ । आगामी असार मसान्त सम्मको ६ महिनाको अबधिभित्र एकमुष्ठ १६ करोड ६५ लाख रुपैयाँ भन्दा बढी राजश्व संकलन गर्ने लक्ष्य लिएको कार्यालयले विगत ५ महिनामा १५ करोड माथि राजश्व संकलन गर्न सफल भएको हो ।

गत चैत्र महिनादेखि असार सम्म रहेको निरन्तर लकडाउनका कारण राजश्व असुलीमा समस्या भए पनि पछिल्लो समयमा कोभिडको सामान्य असर परे पनि त्यस्तो खासै समस्या नभएको कार्यालय प्रमुख प्रमोद पौडेलले बताए । उनका अनुसार गत २०७६। ०७७ आ.व.मा १४ करोड ४९ लाख रुपैया राजश्व संकलन गरिएको कार्यालयले जनाएको छ ।

नेपालको भारत संग सीमा जोडिएका गलगलीया, ठाकुरगन्ज, सिलगुडी लगायतका विभिन्न स्थानहरुबाट कपडा, चिया प्रशोधनमा प्रयोग गरिने सामग्रिहरु, उद्योगका मेशिनरी पार्टपुर्जा लगायतका विभिन्न सामग्रीहरु यस नाका बाट आयात हुने गरेको प्रमुख पौडेलले बताए ।

# बहु राष्ट्रिय राज्य स्थापना गरेरै छाड्ने : महतो



– राजेन्द्र महतो

काठमाडौं । जनता समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले संसद पुनःस्थापना गरेर अहिलेको समस्या समाधान नहुने बताएका छन् । महतोले रिपोर्टर्स क्लब नेपालको साक्षात्कारमा बोल्दै संसद पुनःस्थापना वा चुनाव जे भएपनि फेरि प्रतिगमन हुने उनले बताए । 'संसद पुनःस्थापनाले अहिलेको समस्या समाधान हुँदैन, यसले संभ्रान्तहरुको मात्र स्वार्थ रक्षा गर्छ' उनले भने,'स्थायी समाधान गर्ने हो भने बहुल राष्ट्को निर्माण गर्नुपर्छ ।'

अहिलेको संविधान सबै जनताको नभएकाले समस्या आएको महतोको तर्क थियो । 'बहु राष्ट्रिय राज्य स्थापना गरेपछि मात्र स्थायी समाधान हुन्छ । त्यसपछि जोसुकै प्रधानमन्त्री भएपनि फरक पर्दैन' उनले भने । बहुलतामा नगएसम्म प्रतिगमन भइरहने र गोल चक्करमा देश फसिरहने बताए । आफूहरु बहु राष्ट्रिय राज्य स्थापना गरेरै छाड्ने अभियानमा रहेको बताए । उनले भने, 'प्रतिगमन कारी संविधान बनाएका थिए, ओलीले फेरि प्रतिगमन गरेकोमा आश्चर्य नमाने हुन्छ ।' यो संविधानअनुसार पटक पटक प्रतिगमन भइरहने निश्चित भएको ठोकुवा गरे ।

उनले भने,'स्वार्थ पूरा भएन भने संविधानमाथि नै कू गर्ने गतिविधि भइरहेको छ ।' उनले भने, 'संविधानमाथि गिरिजाप्रसाद कोइराला र प्रचण्डले पनि प्रतिगमन गरेका थिए, देउवाले पनि प्रतिगमन गरे ।'

महतोले भने,'अमेरिकामा एउटा संविधान २ सय वर्ष भइसक्यो, भारतमा ६५ वर्ष भइसक्यो । ७० वर्षमा नेपालमा सातवटा संविधान बनिसक्दा पनि समस्या के हो ?' आफूहरुले बहुल राज्य स्थापना गरेर स्थायी समाधान निकाल्ने दाबी गरे ।

# रबिन कोइरालाको अगुवाइमा संघर्ष समिति



– सन्दर्भ समाचारदाता

भद्रपुर । नेकपाको प्रचण्ड-माधव समूहले झापामा संघर्ष समिति गठन गरेको छ । संसद विघटनबिरुद्ध सडक आन्दोलनमा उत्रिएको नेकपाले केन्द्रीय सदस्य एवम् नेकपा झापाका इन्चार्ज रविन कोइरालाको नेतृत्वमा संघर्ष समिति गठन गरेको हो ।

सरकार विरुद्धको आन्दोलनलाई वडा तहसम्म पुऱ्याउन संघर्ष समिति गठन भएको नेकपाले जनाएको छ । समितिको सह संयोजकमा केन्द्रीय सदस्य धर्मशीला चापागाई छन् भने नेकपा झापाका सचिव बिजय साङपाङ सदस्य सचिव रहेका छन् । पार्टीको केन्द्रीय समितिले तय गरेका आन्दोलनका कार्यक्रमलाई तल्लो तहसम्म पुऱ्याउने गरी संघर्ष समितिले काम सुरु गरिसकेको जनाइएको छ ।

# सामाजिक संघ-संस्थालाई सहयोग

– सन्दर्भ समाचारदाता

भद्रपुर । आफ्ना दिवंगत पिता शिवप्रसाद पोखरेलको वार्षिक पुण्यतीथिको दिन पारेर भद्रपुरका बालानन्द दुग्ध पोखरेल प्रतिष्ठानका अध्यक्ष राजकुमार पोखरेलको प्रमुख आतिथ्यतामा आयोजित सहयोग हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि



रमेश पोखरेलको परिवारले, विभिन्न सामाजिक संघ-संस्थालाई सहयोग प्रदान गरेको छन् । पोखरेल परिवारले, नारी सञ्चार गृह झापासहित विर्तामोड र भद्रपुरका ४ वटा सामाजिक संघ-संस्थालाई सहयोग रकम प्रदान गरेको हो ।

जसअनुसार, भद्रपुरस्थित कृष्ण द्वैपायन वेद विद्याश्रम गुरुकूलमा अक्षयकोष स्थापनाका लागि ५० हजार, चन्द्रगढीस्थित कालिमन्दिरलाई २५ हजार, झापाली महिलाहरुको छाता संगठन नारी सञ्चार गृह र बहुभाषिक बहुसांस्कृतिक क्षितिज नाट्य समूहलाइ ११र११ हजार रुपैयाँ प्रदान गरिएको थियो ।

गोविन्द पोखरेको अध्यक्षता तथा राजकुमार पोखरेलले रमेश पोखरेलका परिवारले गरेको कामले समाजलाई सामर्थ्यवान बनाउन सहयोग पुग्ने बताउनु भयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका एकराज गिरीले बुबाले देखाएको बाटोमा हिड्ने पोखरेल परिवारको सहयोगले समाजमा सत्कर्ममा लाग्ने प्रेरणा मिल्ने धारणा राख्नुभयो त्यस्तै नारी सञ्चार गृह झापाका अध्यक्ष भीमा शिवाकोटीले संस्थाले स्थापना गरेको सहयोगले दीर्घकालिन महत्व राख्ने बताउँदै पोखरेल परिवारलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । त्यसैगरी क्षितिज नाट्य समूहका अध्यक्ष माधव कल्पितले पूर्वीय दर्शन अनुसार पिता, पूर्खाले देखाएको बाटो हिड्नु एक असल सन्ततीको कर्तव्य र दायित्व भएको बताउनु भयो ।

त्यसैगरी दुई करोडको अक्षय कोष स्थापनाको लक्ष्य राखेको जानकारी गराउँदै कृष्ण द्वैपायन वेद विद्याश्रम गुरुकूलका अध्यक्ष राजेन्द्र चापागाँईले दाताले पितृको नाममा स्थापना गरेको अक्षयकोषबाट प्राप्त रकमबाट पितृको पुण्यतिथीका दिन बटुकलाई भोजन गराइने जानकारी दिनुभयो । त्यस्तै कालीमन्दिर निर्माण समितिका अध्यक्ष भीम पौडेलले पूर्वकै नमूनाका रुपमा बनाउन लागिएको कालीमन्दिरको ऐतिहासिकता, वर्तमान र मन्दिर निर्माणको भावी लक्ष्यबारे अवगत गराउनु भएको थियो ।

विष्णु पोखरेलले सञ्चालन गरेको कार्यक्रममा स्वागत तथा औचित्यमाथि प्रकाश पार्दै दाता रमेश पोखरेलले आफ्ना पिताजीले समाजमा गर्छु भनेर अधुरा छोडेर गएका कामहरुलाई पूर्णता दिने कार्यको प्रारम्भ स्वरुप सहयोग रकम हस्तान्तरण गरिएको बताउनु भयो । सोही अवसरमा पूर्व संकल्प अनुसार बालानन्द दुग्ध पोखरेल प्रतिष्ठानकाका अध्यक्ष राजकुमार पोखरेललाई एकलाख ५० हजार बराबरको बैंक भौचर प्रदान गर्नुका साथै पाथीभरा देवीलाई समेत भेटी स्वरुप पाँचहजार रुपैयाँ छुट्याएको जानकारी दिनुभयो । सो अवसरमा रमेश पोखरेलकी श्रीमती विमला पोखरेल, भाउजु तथा भतिजाहरुसहित छर-छिमेकी र आफन्तको उपस्थिति रहेको थियो ।

# ज्येष्ठ नागरिकलाई न्यानो कपडा



– सन्दर्भ समाचारदाता

शनिश्चरे । झापाको अर्जुनधारा नगरपालिका अन्तरगत ज्येष्ठ नागरिक सामुदायिक मिलन समाजले एक कार्यक्रमका बीच जाडोका लागि न्यानो कपडा वितरण गरेको छ ।

समाजद्वारा आइतबार स्थानीय ज्येष्ठ चौतारीमा आयोजित कार्यक्रममा नगर क्षेत्रभित्र रहेका विपन्न वर्गलाई प्रतिव्यक्ति १/१ थानगरी ६३ जनालाइ ब्लयाङ्केट वितरण गरेको हो । समाजले विगत केही वर्षयता नगरक्षेत्रका गरीब तथा असहायलाई चिसोमा न्यानो कपडा वितरण गर्दै आएको समाजका सदस्य तिलक भण्डारीले जानकारी दिए । सो अवसरमा कोरोना भाइरस संक्रमण जोखिम कायममै रहेको भन्दै सहभागीलाई मास्क र सेनिटाइजर अनिवार्य प्रयोग गराइएको थियो ।

# अग्नि पिडित धमलालाई राहत प्रदान

– सन्दर्भ समाचारदाता

गौरादह । गौरादह नगरपालिका वार्ड नं. ४ बस्ने अग्नीधर धमलालाई राहतस्वरूप नगद र कम्बल प्रदान गरिएको छ । नेपाली कांग्रेस नगर कमिटि गौरादह र वडा कमिटि ४ गौरादहले संयुक्तरूपमा अग्नि पिडित धमलालाई नगद ४४ हजार रूपैयाँ र कम्बल राहतस्वरूप प्रदान गरेको हो । पुस २ गते उनको घरमा आगलागी भएको थियो । अगलागीबाट घर लगायत सबै लत्ताकपडा पुर्णरूपमा



जलेर नष्ट भएको थियो ।

गौरादह नगरपालिकाका नगर प्रमुख तथा क्षेत्रिय सभापति रोहित कुमार साह, नगर सभापति यादवराज सेढाई, उपसभापति कुन्दन गिरी, नेपाल रेडक्रस सोसाइटी उपसाखा गौराहदका अध्यक्ष केदार ताजपुरियालगायतले उक्त राहत रकम र लत्ताकपडा हस्तान्तरण गरेको नेपाली कांग्रेस गौरादह नगर सभापति यादवराज सेढाईले जानकारी गराएका छन् ।

## सप्तरीको प्रशिद्ध धार्मिकस्थललाई के भन्ने ?

# 'सखडेश्वरी', 'महिषमर्दिनी', 'सखडा' वा 'छिन्नमस्ता' ?

राजबिराज । किंवदन्ती अनुसार सखडा भगवतीको प्राङ्गणमा रहेको एउटा विशाल पोखरीमा बेलाबखत आफैं चाँदीका भाँडाकुँडा प्रकट हुन्थे । निकै बहुमूल्य ती धातु कसरी त्यहाँ प्रकट भए कसैलाई थाहा हुन्न थियो । भक्तजनहरू मन्दिरमा बलि चढाएपछि सोही प्रकट भएका भाँडाकुँडाको प्रयोग गर्दै खाना पकाएर खान्थे । त्यसपश्चात, ती भाँडा त्यहीँ छोडिन्थ्यो ।

तर एकपटक ती बहुमूल्य भाँडा चोर्ने मनशायले एक युवक त्यहाँ पुगे । विस्तारै पोखरीबाट भाँडा प्रकट भयो । ती युवकले भाँडा पोखरीबाट निकाले । कसैले नदेख्ने गरी त्यहाँबाट निस्किए । अलि परमात्र के पुगेका थिए, उनी रगत छाद्न थाले । बाटोभरी रगत छाद्दै जाँदा उनी धेरै परसम्म पुग्नै सकेनन् । उनको बाटोमै मृत्यु भयो । त्यस उप्रान्त आजसम्म कसैले ती भाँडा चोर्ने आँट नै गरेको छैन ।

कथ्य परम्परामा आधारित यस्ता अनेकौं किंवदन्तीले भरिएको सप्तरी जिल्लाको सखडा भगवतीको नामको सन्दर्भमा भने एकरुपता छैन । देशकै प्रसिद्ध भगवतीको नाम सन्दर्भमा अनुसन्धान आवश्यक देखिएको छ । जनमानसमा सखडेश्वरी, महिषमर्दिनी, छिन्नमस्ताजस्ता नाम पाइएकाले यसबारे वास्तविक तथ्यको खाँचो देखिएको हो ।

धार्मिक तथा पर्यटकीय दृष्टिकोणले चर्चित सो स्थानमा बिहानदेखि रातिसम्म भीड लागेको हुन्छ । नेपालीहरु मात्रै नभई भारतीय पनि ठूलो सङ्ख्यामा यहाँ पूजा गर्न पुग्ने गर्छन् । सप्तरीको राजविराजबाट १० किलोमिटर दक्षिणमा पर्ने छिन्नमस्ता गाउँपालिकास्थित ठूलोपोखरीको उत्तरी डिलमा रहेको छिन्नमस्ता प्रमुख ५१ शक्तिपीठमध्ये पनि एक हो ।

मन्दिरका पुजारी महानन्द ठाकुरका अनुसार मन्दिरमा दशैंका बेला ठूलो उत्सव नै हुने गरेको छ । मन्दिरमा श्रद्धालुले भाकल पूरा भएपछि लड्डु र बोका चढाउने परम्परा रहेको छ । भगवतीलाई छिन्नमस्ता भगवती, सखडा भगवती, सखडेश्वरी र सखडा माता भनेर पूजा-अर्चना तथा भाकल गरिन्छ । सखडेश्वरीको मस्तक अर्थात् शीर नभएका कारण भक्तजनले सो भगवतीलाई छिन्नमस्ता तथा छिन्नमस्तिका भगवती भनेर सम्बोधन गर्ने गरेको पाइन्छ मन्दिरका पुजारी ठाकुर भन्छन्- "बलि प्रदान गर्दा निस्केको रगतमा झिङ्गा नबस्ने, रगत लुगामा लागे पनि दाग नलाग्ने, पोखरीको पानीमा रगत मिसिँदा रातो नहुने, बलि प्रदान गर्ने नाममा राखिएका बोकालाई केही नहुने, बलिका लागि खसी किन्नुअघि कुकुर वा स्याल टोकेको छ भने मन्दिर पुग्दा नपुग्दै मर्ने, बलि प्रदान गरेको खसीबाट निस्किेको रगत सोही पोखरीमा नबगाएमा अनिष्ट हुने, जुठो वा अपवित्र पूजा सामग्री कुकुर र कागले छोएर चढाउन नहुनेजस्ता जनविश्वास र आस्था रहेको शक्तिपीठ हो, छिन्नमस्ता भगवती ।

ऐतिहासिक तथ्य

सिम्रौनगढका तिरहुत वंशका राजा शक्रसिंह आफ्ना भाइभारदारको दबाबका कारण छोरा कुमार हरि सिंहदेवलाई राजकाज सुम्पेर शेष जीवन बिताउन सप्तरीको सखडा क्षेत्र गएका थिए । जानकारका अनुसार राजा शक्रसिंहले सखडा क्षेत्रमा आफ्नो कुलदेवी भगवतीको मन्दिर निर्माण गराए, प्रारम्भमा सो क्षेत्रको नाम शक्रा थियो भने कालान्तरमा शक्रा शब्दको अपभ्रंश सखडा भएको हो ।



त्यतिबेला सो क्षेत्र घना जङ्गलले भरिएको थियो । राजा शक्रसिंहलाई भगवतीले सपनामा भनिन्- "तिमी जुन स्थानमा बसिरहेका छौं, त्यस स्थानमा त्रिशूल गाडिएको भेटिनेछ र त्यहाँ अरु मूर्ति पनि छेउछाउमा पाउने छौ । ती मूर्तिहरूको पूजाआजा गरेर बस, तिम्रो भलो हुनेछ । देवी भगवतीले सपनामा दिएको निर्देशनानुसार राजा शक्रसिंहले त्रिशूल गाडिएको क्षेत्रमा माताको मूर्ति जलाशय अर्थात् हालको शान्ति सागरको किनारमा मूर्तिहरू फेला पारेकाले सोही स्थानमा भगवतीको मूर्ति स्थापना गरी पूजाआजाको थालनी गरेको बताइन्छ ।

शोधकर्ता हरिकान्तलाल दासको सप्तरीको राजनीतिक इतिहास नामक पुस्तकमा उल्लेखअनुसार एघारौँ शताब्दीको अन्त्यतिर दिल्लीका सुल्तान गयासुद्दीन तुगलक बङ्गालका विद्रोही नबाबलाई सजाय दिने क्रममा सप्तकोशी नदीको किनारको बाटो हुँदै सखडा आई मन्दिर ध्वस्त गर्दै मूर्तिसमेत तोडफोड गरी जलाशयमा फ्याँकिदिएका थिए । तुगलकको आक्रमणकारी दलले सोही क्रममा सखडादेखि १५ किमी पश्चिम-उत्तर स्थित सप्तरी जिल्लाकै मानराजा गाविसको गढीका मूर्तिसमेत तोडफोड गरेका थिए । तुगलकको आक्रमणपछि सखडा क्षेत्र जङ्गलमा परिणत भएको अनुमान गरिन्छ, मन्दिरको पूर्वपट्टि घना झाडी थियो, जसलाई अहिले पञ्चमुखी नागवाटिका र केवला वन भनेर चिनिन्छ । यस स्थानमा समय समयमा पञ्चमुखी नागदेवताले दर्शन दिने गरेको बताइन्छ ।

मन्दिर र मूर्तिको ऐतिहासिक कुरा गर्दा करिब १२५ वर्षअघि सखडाको भगवती मन्दिर भग्न अवस्थामा थियो । यसलाई स्थानीय बासिन्दा चुनीलाल ठाकुरले सफा गरी भिक्षाटनबाट सङ्कलित रकमबाट सानो मन्दिर निर्माण गरेका थिए । सो मन्दिर विसं १९९० को भूकम्पमा फेरि भत्किन पुग्यो र त्यस बेलाका मन्दिरका पुजारी अनिरुद्ध ठाकुरले चन्दा सङ्कलन गरी ग्रामीण समाजको सहयोगले टिनको छाना भएको मन्दिर बनाए ।

विसं २०२८ मा जीर्ण मन्दिरलाई तत्कालीन भारतीय रेलमन्त्री ललितनारायण मिश्रको सहयोगमा पक्की मन्दिर भवन साथै तीनकोठे धर्मशाला बनाइयो । त्यसपछि विसं २०४४ मा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहदेवले भगवतीको पूजाआजापछि मन्दिरको जीणीद्धारका लागि रू पाँच लाख चन्दा दिए र सोही रकमबाट तत्कालीन सगरमाथा अञ्चलका अञ्चलाधीश सूर्यबहादुर सेन ओलीले भगवतीको प्यागोडा शैलीको भव्य र सुन्दर मन्दिरको निर्माण गराएका थिए ।

भगवतीको नाम सन्दर्भमा कतिपय शोधकर्ता सखडेश्वरीको पक्षमा छन् भने कतिपयद्वारा छिन्नमस्ता र महिषमर्दिनीको पक्षमा बलियो तर्क प्रस्तुत गरिएको पाइन्छ । चिकित्सक डा अशोकानन्द मिश्रले मन्दिरमा स्थापित मूर्ति छिन्नमस्ताको नभई महिषमर्दिनी भएको तर्क प्रस्तुत गरेको पाइन्छ ।

मूर्तिको पाउको तलको भागमा राँगाको मूर्ति रहेकाले यो छिन्नमस्ता हुनै नसक्ने र यो महिषमर्दिनी दुर्गाको भएको उनको तर्क छ । स्थानीयवासी अविनाश प्याकुरेलका अनुसार पोखरीमा फेला परेका पाँच मूर्तिमध्ये मूलमूर्ति दुई भागमा खण्डित थियो, पछि दुईटै खण्डित भागलाई सिंहासनमा सिमेन्टले जोडी स्थापना गरियो, फेला पारिएका सबै मूर्तिको शीर नभएका कारण छिन्नमस्ता नामले ख्याति पाएको हो ।

मन्दिरभित्र मूल देवीको रूपमा भगवतीको कालो रङको बुट्टेदार मूर्ति छ । उक्त मूर्तिको पाउतिर राँगाको काटिएको टाउको प्रष्टरूपमा ढुङ्गामा कुँदिएको छ । मूल मूर्तिको देब्रेपट्टि दक्षिणकाली, महिषमर्दिनी र दाहिनेतिर चामुण्डा भैरवी र त्यस्तै कालो रङको अर्को प्रस्तर मूर्ति स्थापित छ । ती मूर्तिलाई पञ्चभगिनी पनि भनिन्छ ।

पूजा समितिले सो मन्दिरमा वर्षका चारवटै नवरात्रमा ५६ प्रकारका परिकार बनाई मध्यरातमा पूजा गर्ने गर्दै आएको छ । पूजा गर्दा केही विघ्नबाधा उत्पन्न हुन थालेपछि भगवतीको सिंहासनमा एउटा जन्तर राखी महाअष्टमीको राति तान्त्रिक विधिद्वारा पूजा गर्ने गरिएको छ ।

राणाकालका प्रधानमन्त्री चन्द्रशम्शेरको कार्यकालमा विसं १९८४ मा सप्तरी जिल्लाको तिलाठी निवासी ज्योतिष यदुनन्द मिश्रले अष्टधातुले बनेको एउटा घण्टा सखडा मन्दिरमा चढाएका थिए । उक्त घण्टामा शक्रेश्वरी एकपटक र महिषमर्दिनी दुईपटक लेखिएको छ । यसबाट स्पष्ट हुन्छ शक्र सिंहले आफ्नो इष्टदेवी भगवती स्थापना गरेका थिए । सखडा भगवतीको मूर्तिलाई सूक्ष्मरूपले हेर्दा तीनवटा टुक्रा मिलाएर स्थापित गरिएको देखिन्छ ज्योतिष मिश्रले चढाएको घण्टामा उल्लेख छ, "जिल्ले सप्तरी प्रगन्ना पकरी मौजे तिलाठी पण्डितजी यदुनन्द मिश्र तस्य धर्मभार्या जगदम्ब||||||| सक्रेश्वरी भगवती महिष मर्दिनी श्री त्यव्रीतं घण्टा समर्पणम् भैरवी चामरादात महिषमर्दिनी प्रदाकाली जगदम्बा सरस्वती रक्षन्तु सर्व कालेषु प्रार्थिता यदुननन्द । यसमा महिषमर्दिनी शब्द दुईपटक प्रयोग गरिएकाले पनि छिन्नमस्ता शब्द शोधको विषय देखिएको हो ।

(राससको समाचार स्रोतसहित सरल डेस्क)

## सवीच्च अदालतले मुख हेरेर फैसला गर्दैन

# अदालतले मुख हेरेर फैसला गर्दैन

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी पुष्पकमल दाहाल प्रचण्ड-माधव पक्षका स्थायी कमिटी सदस्य रघुजी पन्तले सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिदैँ स्थायी कमिटी सदस्य पन्तले सरकारको संसद विघटनको असंवैधानिक कदमका विरुद्ध संयुक्त आन्दोलनको लागि प्रयास अगाडी बढाउने बताएका छन् ।

पन्तले संसद विघटनको सम्बन्धमा सवीच्च अदालतले कुनै नेता अथवा आन्दोलनकारीको मुख हेरी फैसला नगर्ने टिप्पणी गरे । सवीच्च अदालतले संविधान हेरेर फैसला गर्ने भएकोले संसद विघटनको जवाफ पुनर्स्थापना बाहेक केही हुन नसक्ने उनले बताए ।

संविधानले संसद विघटनको अधिकार प्रधानमन्त्रीलाई नदिएको उनको भनाई छ । स्थायी कमिटी सदस्य पन्तले नेकपाको कमाण्ड प्रचण्ड(माधव पक्षसँग भएको, बहुमत भएको, सूर्य चिन्ह आफुहरुले पाउने, संसद पुनर्स्थापना हुने र नेकपाको सम्पति आफुहरुको हुने दाबी गरे ।

**बन्जी**...

परीक्षण गरेपछि सुरक्षित हुने ग्यारेन्टी भो अनि सञ्चालनमा ल्यायौँ । उनले दुई जना जम्प गर्दा गफ गर्नसमेत मिल्ने भएकाले एक्लै डराउनेका लागि जोडी बञ्जी उपयुक्त हुने बताए उनका अनुसार बञ्जी युरोपका ल्याटभियाको फ्रेन्चाइज हो । इयु स्टान्डर्टको सामग्रीको प्रयोग गरिएकाले सुरक्षित र भरपदी हुने उहाँको भनाइ छ । ल्याटभियाकाको जम्प मास्टर नेपाल प्रत्येक ६।६ महिनामा दुईरदुईजना आएर तीन वर्ष तालीम प्रदान गरी सर्टिफाइड गरेका दक्षजनशत्तीले अहिले बञ्जी गराउने गरेका छन् ।

पोखराको सुन्दरतामा लोभिने र साहसिक खेलमा रुची राख्नेका लागि बञ्जी र जीपलाइन बरदान सावित हुने गरेको उनी बताउँछन् । हाइग्राउन्ड एड्भेन्चर नेपाल प्रालिले कोरोनाको कहरसँगै चैत ११ देखि बन्द भएको कम्पनी असोज १९ देखि पूर्ण सञ्चालन गरेको थियो । कम्पनीका अनुसार असोज १९ देखी पुस १६ सम्म एक अजार २३० जनाले सहासिक खेल बञ्जी जम्पको मज्जा लिएका छन् भने करिब ७० प्रतिशत टेण्डम छन् । त्यसमा पनि ९० प्रतिशत नवविवाहित जोडीहरु छन् ।

साहसिक खेल प्रवर्द्धनका अभियानकर्मी विष्णुकान्त घिमिरे पछिल्लो समय धेरै युवापुस्ताले बञ्जी जम्पको भिडियो टिकटकमा पोष्ट गर्न थालेपछि पनि यसको 'क्रेज' झन् बढ्दै गएको सुनाउँछन् । "अहिले साहसिक खेलमा रुचि राख्नेहरुसँगै सामाजिक सञ्जाल टिकटकलगायत एक अर्काको अनुभवले बञ्जी गर्नेलाई लोभ्याइरहेको छ । उनले यस्ता गतिविधिले साहसिक खेलको प्रवर्द्धनमा सघाउ पुऱ्याएको बताए । उनका अनुसार अहिले नेपालमा भोटेकोशी पोखरा र कुश्मामा गरी तीन ठाउँमा बञ्जी सञ्चालनमा रहको छ । पोखरा रातो पैह्रो बञ्जी निर्माण प्रक्रिया सम्पन्न भई सञ्चालनको तयारीमा रहेको छ ।

**सात**...

–नियत त्यस्तो थिएन होला । सङ्घीय नेपालका अहिलेका मुख्य ड्राइभरले पटक पटक भन्नु भएको हो 'सङ्घीयता मलाई मन पर्दैन, बाध्यात्मक रूपमा स्वीकारिएको हो ।' जुन कुरा मन पर्दैन वा तपाईंले नजन्माएको छोरा तपाईंले हुर्काउनुपर्दा तपाईंले बेवास्ता गरिदिनुहुन्छ । अहिले भइरहेकै त्यही हो ।

तपाईं आफैँले पनि कतिपय सन्दर्भमा नेपालमा सङ्घीयताको सुन्तलाको बोट रोपेको तर फल्ने बेलामा भोगटे फल्न पुगेको प्रसङ्ग उल्लेख गर्दै आउनुभएको छ । त्यस्तो किन र कसरी भयो?त्यसलाई चिर्ने र सच्याउने उपाय के होला ?

–चुनावी बाटोबाट यो सच्चिने ठाउँ छैन । त्यसको विकल्प राज्यले थेग्न नसकेको आन्दोलनको उठान नै हो । तत्काल राज्यले थेग्न नसक्ने आन्दोलनको सम्भावना छैन । त्यसैले हामी नेपालीको दुर्भाग्य भन्छु म । संविधान घोषणाकालमा हामीले गुमाएको एउटा ठूलो अवसरको प्रतिफल अहिले भोगिरहेका छौँ ।

त्यसो भए पहिचनासहितको सङ्घीयताका लागि मुलुकमा निर्णायक आन्दोलन हुने सम्भावना छैन ?

–तत्काल पाँच - सात वर्ष यता म देख्दिनँ । तर यसको अर्थ आन्दोलनकै सम्भावना नै छैन भन्ने पनि हैन । जनतामा आक्रोश र विद्रोहको भावना अहिले गुम्सिएको अवस्थामा छ, कुनै न कुनै रूपबाट निस्किन्छ नै । काठमाडौँको गुठी आन्दोलन याद गर्नुहोस् त । त्यो गुठीको मुद्दामा मात्रै भएको होइन । धेरै कुराहरू गुम्सिइरहेका छन्, त्यसले निकास खोजिरहेको स्थिति हो ।

यही विषयलाई जनता समाजवादी पार्टीले मुद्दा बनाएको देखिन्छ । उसले १० वटा प्रदेशको प्रस्ताव पनि गरेको छ । यी यस्ता विषयमा राष्ट्रिय आन्दोलन थाल्ने बताउँदै आएको छ । त्यसलाई कसरी हेर्नु भएको छ ?

–जसपाको विरोधाभाषी कुरा हो । एकातर्फ १० जोड १ प्रदेश भन्छ । तर उसले पार्टीको संरचना बनाउँदा यही सात प्रदेश अनुरूप नै बनाएको छ । उसको १० जोड १ नै बटमलाइन हो भने पार्टी संरचना त १० जोड एक बनाउनु पर्थ्यो नि ? तर राजनीति सम्भावनाको खेल हो । यसका तीनवटा बाटा छन् । भविष्यमा गठबन्धन सरकार बन्ने स्थिति पैदा हुँदा राजपाको मोलमोलाइ शक्ति बढ्छ । त्यो भनेको काँग्रेस वा नेकपामध्ये एउटाको शक्ति एकतिहाइभन्दा कम हुनु हो । त्यस प्रकारको शक्ति संरचना बन्छ कि बन्दैन भनेर अहिले नै प्रतिक्रिया दिन हतारो हुन्छ ।

भर्खरै सरकारले औपचारिक लेखन तथा सम्बोधनमा सङ्घीय गणतन्त्र नेपालको सट्टामा नेपाल मात्रै लेख्ने निर्णय गरी सोहीअनुसारको परिपत्र जारी गरेको छ । यो एउटा सामान्य'टेक्निकल इस्यु'मात्रै हो कि यसमा अरू नै कुनै गुह्य सन्देशहरू निहित छन् ?

–प्राविधिक रूपमा यसलाई गलत नै भनेर भन्न सकिँदैन । संविधान संशोधनको शीर्षकमा हेर्दा प्रायः सबै विषयलाई संशोधनयोग्य बनाइएको छ । गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता पनि संशोधनयोग्य हुने भनेपछि प्राविधिक रूपमा देशको नामको शीर्षकमा त्यो नाम चाहिँदैन । अन्तरिम संविधानमा राज्यको परिभाषा गर्दा नेपाल एक बहुजातीय राज्य भनेर पारिभाषित गर्ने तर यो संविधानमा राज्यको परिभाषामा त्यो बहुजातीय शब्द झिकेको छ । त्यसैले राज्यका हर्ताकर्ताहरूलाई प्रगतिशील मुद्दाप्रति भित्रैबाट माया, मोह र आकर्षण छैन । त्यस कारण हामीले पछाडि नै सरिराखेका छौ र अझै पछाडि सर्दै जाने स्थिति हो ।

प्रधानमन्त्री नै भनिरहनु भएको छ प्रदेश भनेको केन्द्र सरकारको प्रशासनिक युनिट हो । केन्द्र सरकारले प्रदेश सरकारलाई हाइज्याक पनि गरिदिन सक्छ भनेर धावा बोलिरहेको अवस्था छ । यो पछाडि सर्ने यात्रा कहाँसम्म पुग्ला त ?

–पछाडि फर्केका छौँ कहाँ पुग्छौँ म भन्न सक्दिनँ । तर यो क्रममा थाम्नै नसक्ने विस्फोट चाहिँ हुन्छ । ४६ सालको संविधान घोषणा गर्दा माओवादी विद्रोह यसरी आउँछ भनेर हामीले सोचेका पनि थिएनौँ । दोस्रो जनआन्दोलनको सफलताको उमङ्गमा हुँदा मधेस विद्रोह हुन्छ भनेर सोचेका थिएनौँ । तर यो आक्रोश कुनै न कुनै रूपमा विस्फोट हुन्छ । एउटा कुरा निश्चित हो, त्यो नियमित प्रक्रिया वा चुनावको माध्यमबाट हुँदैन ।–साभार रातोपाटी

# बन्जी युवा पुस्तामा आकर्षण बढ्दै

पोखरा । अक्सर मान्छे उचाइसँग डराउने गर्छन् । तर त्यही उचाइबाट हामफालेर डरलाई जित्ने साहसमा अहिलेका युवापुस्ता उत्साहित बनिरहेका छन् । युवा पुस्तामा आकर्षण बढेसँगै एक्लै आट र साहस हुनेले सजिलै उचाइबाट हामफालेर बञ्जीको मज्जा लिने गरेका छन् । एक्लै डराउनेहरु एकअकी साथीको साहाराबाट बञ्जी गर्नेको सङ्ख्या पनि उत्तिकै छ ।

पोखरा-२५ स्थित हाइग्राउन्ड एडभेन्चर्समा बञ्जीको मज्जा लिएपछि भक्तपुर बालकोटकी २५ वर्षीय नविना दवाडीले भनिन्, "निकै पहिलेदेखि बञ्जी गर्ने रहर थियो, तर एक्लै गर्नसकेको थिइन । श्रीमानको साथले आट आयो, डरलाई जितेको अनुभव गरेँ दवाडीले लामो समयको सपना श्रीमान्को साथमा पूरा गर्न पाएकोमा खुशी लागेको बताईन् । सँगै मुस्कुराइरहेका सन्दिप सुवेदीले पनि श्रीमतीको सपना पूरा गर्न पाएकोमा खुशी लागेको सुनाए । "हामी नवविवाहित जोडी हौँ, उनको सपना पूरा गर्न साथमा लिएर बञ्जी गरेँ, डरभित्रको आनन्दमा हामी रमायौँ, सुवेदीले भने, "एडभेन्चर्स भनेकै डरसँग सम्बन्धित हुन्छ जति डर जति चुनौती उति मज्जाहुन्छ हामीले त्यो अनुभव हासिल गर्यौं।

काठमाडौं बालुवाटारका २७ वर्षीय सफिन श्रेष्ठले पनि २२ वर्षीय श्रीमती सनिसा श्रेष्ठको साथमा बञ्जीको अनुभव निकै स्मरणीय रहेको बताए । उनले एक वर्ष अघि विवाह गरेपछिसँगै बञ्जी गर्ने रहरलाई बल्ल पूरा गर्न पाएको बताए । "हामीले निकै पहिलादेखिसँगै बञ्जी गर्ने सोच बनाएको तर कोभिड-१९ का कारणले रोकिएका थियौँ, पोखरामा 'कपल' बञ्जी हुन्छ भन्ने थाहा पाएपछि यहाँ आएर त्यो रहर पूरा गर्यौं, बञ्जीको अनुभव सुनाउँदै सनिसाले भनिन्, "ओहो निकै डरलाग्दो रहेछ, एक्लै भएको भए त सक्दिन थिएँ होला, उहाँको साथले आत्मविश्वास बढ्यो, डरलाई जितेँ ।

बञ्जी सञ्चालक कम्पनीका पोखरास्थित शाखा प्रबन्धक दिनेश




महर्जनले पछिल्लो समय बञ्जी गर्ने जोडी (टेन्डम) सङ्ख्या बढिरहेको बताए । "हामीले शुरुमा सन् २०१० मा पोखरामा साहसिक खेल जीप लाइन शुरु गरेका हौँ, त्यसपछि सन् २०१४ बाट बञ्जी सञ्चालनमा ल्यायौँ । शुरुका पाँच वर्ष अक्टुबरको समयमा फुलमुन बञ्जी (रातिमा गर्ने) गर्यौं भने सन् २०१९ देखि जोडी बञ्जी अर्थात् टेन्डम शुरु गरेका हौँ, अहिले जोडीहरुको आर्कषण बढ्दै गएको छ । उनले जोडीमा एक अकी साथीसँग जम्प गर्ने सकिने बताए । "एक अकी साथी जोसँग पनि जम्प गर्न सकिन्छ दाजुबहिनी, श्रीमान् श्रीमती, दिदीबहिनी, दाजुभाइ, दुई साथी सबैले गर्न सक्छन् ।

उनले भने, "जोडी भन्ने वित्तिकै गर्ल फ्रेण्ड ब्याइ फ्रेण्ड मात्र भनेर बुझ्ने गरेको तर बञ्जीमा त्यस्तो हुँदैन जो कोही साथीसँग पनि बञ्जी गर्न सकिन्छ । कोभिड-१९ का कारण लामो समय बन्द रहेको बञ्जी पुनः सञ्चालनमा आएसँगै आन्तरिक पर्यटक आउने थालेको उनको भनाइ छ । कोभिड-१९ अघि ४५ प्रतिशत नेपाली र ६५ प्रतिशत बिदेशी बञ्जी गर्थे भने अहिले सबै आन्तरिक पर्यटक मात्र छन् ।

पोखरा सुन्दर शहर विदेशी पर्यटकको आर्कषक गन्तव्य भए पनि साहसिक खेल त्यति नभएकाले गोल्छा अर्गनाइजेशनले सन् २०१० मा जीपलाइन निर्माण गरी सन् २०१२ मा शुरु गरेको थियो भने त्यसको दुई वर्षपछि जीपलाइनको 'डाउन स्टेशन'मा उक्त कम्पनीले बञ्जी टावर निर्माण गरेको हो । बञ्जीमा नेपालको पहिलो टावर बञ्जी एशियामा पहिलो व्यावसायिक टेन्डम भएको प्रबन्धक महर्जनको दाबी छ । "अहिलेसम्मको अवस्थालाई हेर्दा टेण्डममा व्यावसायिक बञ्जी गराउने हामी नै हौँ महर्जनले भने । महर्जनका अनुसार गोल्छा अर्गनाइजेशनका शरद गोल्छा र अविनव चुरिवालको लगानी रहेको यस कम्पनीले आगामी दिनमा एडभेन्चर्समा थप नयाँ अवधारणा समेत बनाइरहेको र सहज वातावरण भएपछि सार्वजनिक गर्ने तयारी रहेको छ । पोखरा-१८ सराङ्कोट जीप लाइनको अपस्टेशन तीन रोपनी र पोखरा-२५ हेम्जाको डाउन स्टेशनमा ४ रोपनी जग्गा कम्पनीले खरिद गरी बञ्जी र जीप लाइन सञ्चालनमा ल्याएको हो । बञ्जीबाट ८५ मिटरसम्म जम्प गर्न सकिने गरी १२५ मिटरसम्मको बन्जीको उचाइ रहेको छ । उक्त बञ्जी जम्पमा करिब ८ करोडको लगानी भएको कम्पनीले जनाएको छ ।

टेण्डम बञ्जीको अवधारणाबारे महर्जनले भने, "शुरुमा अलि रिस्क हुन्छ कि भन्ने सोच्यौँ, दुई जनाको जम्पमा बाउन्स गर्दा ठोकिन्छ कि भन्ने लागेको थियो तर लामो समय




